# प्रभाव दैनिक
National Daily

वर्ष ९ अंक २२८ काठमाडौं सोमबार, ४ पुस २०७९ Prabhab National Daily Monday, December 19, 2022 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



**लिङ्ग छनौट गरी गर्भपतन गर्नु अपराध हो।**

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो। त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- विभेदरहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राष्ट्रपति ‘उल्टो’ बाटोमा

● सांसदहरूले शपथग्रहण नगर्दै राष्ट्रपतिबाट सरकार गठनको आह्वान ● राष्ट्रपतिको कदम संवैधानिक प्रक्रियाविपरीत भएको दाबी

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रपति विद्यादेवी भण्डारीले नयाँ सरकार गठन गर्नका लागि दलहरूलाई आह्वान गरेकी छन् । दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत जुटाउन सक्ने सांसदलाई यही १० मंसिरको बेलुकी ५ बजेसम्ममा प्रधानमन्त्रीमा दाबी पेस गर्न राष्ट्रपतिले आह्वान गरेकी हुन् ।

राष्ट्रपतिको यो कदम संवैधानिक प्रक्रियाविपरीत भएको भन्दै आलोचना भएको छ । एक संविधानविद्का अनुसार राष्ट्रपतिले पहिले संसद् अधिवेसन बोलाउनुपर्ने हो, जहाँ प्रत्यक्ष र समानुपातिक प्रणालीबाट निर्वाचित सांसदमध्ये सबैभन्दा ज्येष्ठ सदस्यले अध्यक्षता गर्ने हुन्छ । सांसदहरूलाई सोही अधिवेसनमा शपथ खुवाउने परम्परा छ ।

तर, आइतबार राष्ट्रपतिले सांसदहरूले शपथ नै नखाएको अवस्थामा नयाँ सरकार गठनको आह्वान गरेकी हुन् । राष्ट्रपति कार्यालयले जारी गरेको सूचनामा भनिएको छ, ‘नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई नेपालको प्रधानमन्त्री नियुक्त गर्नका लागि २०७९ पुस १० गते आइतबार १७:०० बजेभित्र दाबी पेस गर्न सम्माननीय राष्ट्रपतिज्यूबाट आह्वान भएको व्यहोरा अनुरोध छ ।’

राष्ट्रपतिले सरकार गठनको कानुनी आधार नै किटेर दाबी पेस गर्न आह्वान गरेकी हुन् । तर, सत्तारूढ दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राष्ट्रपतिले सरकार गठनको उल्टो प्रक्रिया थालनी गरेको भन्दै आपत्ति जनाए । उनले राष्ट्रपतिले गलत नजिर स्थापित गर्न खोजेकोसमेत आरोप लगाए ।

‘सामान्यतः निर्वाचन आयोगले राष्ट्रपतिकहाँ र राष्ट्रपति कार्यालयले संसद् सचिवालयमा प्रत्यक्ष र समानुपातिकबाट निर्वाचित सांसदहरू दुवैको नाम गइसकेपछि ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बसेर पहिला प्रतिनिधिसभाका सबै सदस्यहरूको शपथ ग्रहण गराइसकेपछि सबै पार्टीको संसदीय दलको बैठक बसेपछि मात्र सरकार गठनको प्रक्रिया पनि अगाडि बढाउनु सुल्टो हुन्छ,’ आइतबार पार्टीको पदाधिकारी बैठकपछि दाहालले पत्रकारहरूसँग भने ।

राष्ट्रपति भण्डारीले ३ फागुन २०७४ मा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई (बाँकी पृष्ठ २ मा)



> धारा ९३ निर्वाचनको परिणाम सार्वजनिक भएको मितिले ३० दिनभित्र संसद्को अधिवेसन आह्वान गर्नुपर्छ । संसद् अधिवेसनपछि बल्ल निर्वाचित सांसदले शपथ लिन्छन् । अनि, बल्ल सरकार बनाउने भनेको त संसद्को काम हो । एकदमै गलत भयो ।
>
> ■ **डा. भीमार्जुन आचार्य**
> संविधानविद्

> संसद् अधिवेसनबारे राष्ट्रपतिज्यूले यही शुक्रबार संसद् सचिवालयमा पत्र पठाउनुभएको छ । त्यसपछि नै नयाँ सरकार गठनको आह्वान गर्नुभएको हो ।
>
> ■ **सागर आचार्य**
> प्रवक्ता, राष्ट्रपति कार्यालय

> ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बसेर पहिला प्रतिनिधिसभाका सबै सदस्यहरूको शपथ ग्रहण गराइसकेपछि सबै पार्टीको संसदीय दलको बैठक बसेपछि मात्र सरकार गठनको प्रक्रिया अगाडि बढाउनु सुल्टो हुन्छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> अध्यक्ष, नेकपा माओवादी केन्द्र

## सरकार गठनको सुरसार

**काठमाडौं (प्रस)–** नयाँ सरकार आफ्नै दलको नेतृत्वमा बनाउन कांग्रेसले पहल गर्ने निर्णय गरेको छ । यसका लागि कांग्रेसले गठबन्धन दलहरूसँग छलफल अघि बढाउने भएको छ ।

‘संघदेखि प्रदेशसम्म कांग्रेसकै नेतृत्वमा सरकार बनाउन पहल गर्ने निर्णय भएको छ । संसदीय दलमा सभापति शेरबहादुर देउवाबाहेक गगन थापाले पनि इच्छा देखाएका छन्,’ उनले आइतबार बैठकपछि भने ।

कांग्रेसले आफ्नो नेतृत्वमा सरकार बनाउने निर्णय गर्दा सोही दिन सत्तामै रहेको अर्को दल माओवादी केन्द्रको पदाधिकारी बैठकले भने संसदीय दलको नेता चुन्ने र सांसदहरूले शपथ खाएपछि मात्रै सरकार गठन प्रक्रियामा सहभागी हुने निर्णय गरेको छ। पदाधिकारी बैठकले यस्तो निर्णय गरेपछि माओवादी पर्ख र हेरको स्थितिमा रहने अनुमान गर्न थालिएको छ ।

संसद्मा दोस्रो दलको हैसियतमा रहने दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि सरकार गठनको प्रयास अनौपचारिकरूपमा थालेका छन् । माओवादी, नेकपा एकीकृत समाजवादीसँगै राष्ट्रिय स्वतन्त्र पार्टीसँग संवाद गरिसकेका छन् । तर, उक्त दलका महासचिव शंकर पोखरेलले भने पार्टी प्रतिपक्षमा बस्ने बताए । आइतबार नै राप्रपाका सांसद पशुपतिशमशेर राणाले पनि पार्टी प्रतिपक्षमा बस्ने र भ्रष्टाचारविरुद्धको मुद्दा उठाउने बताएका छन् ।

नयाँ दलहरू जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी मुद्दा सम्बोधन भए सरकारमा जाने तयारीमा छन् । जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि कांग्रेस नेतृत्वको सरकारमा सहभागी हुने आकांक्षा देखाएका छन् । तर, सत्ता समीकरणमा फेरबदल हुने सम्भावना रहेको जानकारहरू बताउँछन् । वैदेशिक शक्तिहरूको चलखेल बढेकोले यस्तो सम्भावना रहेको उनीहरूको तर्क छ ।

# अर्जेन्टिनालाई विश्वकप उपाधि



**कसले कुन अवार्ड जित**

**गोल्डेन बुट** – किलियन एम्बाप्पे (फ्रान्स)
**गोल्डेन बल** – लिओनल मेसी (अर्जेन्टिना)
**गोल्डेन ग्लोभ्स** – इमी मार्टिनेज (अर्जेन्टिना)
**योङ प्लेयर** – इन्जो फर्नाण्डेज (अर्जेन्टिना)

■ प्रभाव संवाददाता

**काठमाडौं–** कतार विश्वकपको उपाधि अर्जेन्टिनाले जितेको छ । आइतबार भएको फाइनल खेलमा साविक विजेता फ्रान्सलाई टाइब्रेकरमा ४-२ गोलले पराजित गर्दै अर्जेन्टिनाले विश्वकप फुटबल-२०२२ को उपाधि उचालेको हो ।

अर्जेन्टिनाको यो तेस्रो विश्वकप उपाधि हो । अर्जेन्टिनाले ३६ वर्षपछि विश्वकप उपाधि जितेको हो । यसअघि सन् १९७८ र १९८६ मा विश्वकप ट्रफी उचालेको थियो ।

यस जितसँगै अर्जेन्टिनाका कप्तान लिओनल मेसीले आफ्नो नाममा विश्वकप उपाधि लेखाउने सपना पूरा गरेका छन् । आफ्नो देश र क्लबबाट सबैखाले उपाधि जितिसकेका उनले विश्वकप उपाधिमात्र जित्न बाँकी थियो । सम्भवतः अन्तिम विश्वकप खेलिरहेका उनका समर्थकहरूले मेसीको सुखद् बिदाइको कामना गरेका थिए । अन्ततः फाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै उनले विश्वभरका समर्थकहरूको चाहना पूरा गरिदिएका छन् । साथै उनले गोल्डेन बल अवार्डसमेत हात पारे ।

प्रतिस्पर्धात्मक फाइनल खेल निर्धारित र थप गरिएको समयमा ३-३ गोल भएपछि पेनाल्टी सुटआउटमा गएको थियो । जसमा अर्जेन्टिनाका चार खेलाडीले गोल गरे भने फ्रान्सका दुई खेलाडीले पेनाल्टीमा गोल गर्न सकेनन् ।

कतारको लुसेल रंगशालामा सम्पन्न फाइनल खेलमा पहिलो हाफको २१औं मिनेटमा एञ्जल डि मारियालाई फ्रान्सका डेम्बेले पेनाल्टी एरियामा फल गरेपछि अर्जेन्टिनाले पेनाल्टी पाएको थियो । जसमा कप्तान मेसीले गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाए । मेसीले फाइनलमा यो गोल गरेसँगै क्वाटरफाइनल, सेमिफाइनल र फाइनलका तीन वटै खेलमा गोल (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# रोजगारीका लागि तीन वर्षमा विदेशिए ११ लाख ६५ हजार नेपाली

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** पछिल्लो तीन आर्थिक वर्षमा ११ लाख ६५ हजार १५१ जना नेपाली रोजगारीका लागि विदेशिएका छन् । उनीहरू नयाँ तथा पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका हुन् ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसको अवसर पारेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आइतबार सार्वजनिक गरेको ‘नेपाल श्रम, आप्रवासन प्रतिवेदन २०२२’ अनुसार आर्थिक वर्ष २०७६/७७ मा नयाँ तथा पुनः श्रम स्वीकृति लिएर तीन लाख ६८ हजार ३७३ जना रोजगारीका लागि विदेश गएका छन् । जसमा तीन लाख ३९ हजार ९४४ जना पुरुष र २८ हजार ४२९ महिला रहेका छन् ।

त्यस्तै आर्थिक वर्ष २०७७/७८ मा एक लाख ६६ हजार ६८९ जना नेपालीले श्रम स्वीकृति लिएएर विदेशिएका छन् । जसमा एक लाख ५५ हजार २३३ पुरुष र ११ हजार ४५६ महिला रहेका छन् । गत आर्थिक वर्ष २०७८/७९ मा छ लाख ३० हजार ८९ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेश गएको तथ्यांक छ । जसमा पाँच लाख ८० हजार ९६१ पुरूष र ४९ हजार १२८ महिला रहेको प्रतिवेदनमा उल्लेख छ । यस अवधिमा विदेश गएकामध्ये छ लाख ११ हजार ३३२ जनाले नयाँ श्रम स्वीकृति लिएको प्रतिवेदनमा जनाइएको छ ।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार आव २०७६/७७ मा रोजगारीका लागि विदेशिनेमध्ये ५७.८ प्रतिशत अदक्ष र ३२.६ प्रतिशत अदक्ष श्रमिक रहेका छन् । त्यस्तै ९.५ प्रतिशत अर्धदक्षता हासिल गरेका नेपाली विदेश गएका छन् । व्यावसायिक कामदार ०.०९ प्रतिशत, उच्च दक्षता हासिल गरेका कामदार ०.०१ प्रतिशत विदेशिएका छन् । यसैगरी आव २०७७/७८ मा ५६.२ प्रतिशत अदक्ष नेपाली कामदार विदेशिएका छन् भने ७.३ प्रतिशत अर्धदक्ष कामदार बाहिरिएका छन् । दक्ष जनशक्ति ३६.४ प्रतिशत, उच्च दक्षता भएका कामदार ०.०२ प्रतिशत र व्यावसायिक पेसाका लागि ०.१ प्रतिशत नेपालीहरू विदेश पुगेका छन् । यस्तै आव २०७८/७९ मा ५४.२ प्रतिशत अदक्ष कामदार विदेश गएका छन् भने अर्धदक्ष कामदार ७.४ प्रतिशत रहेका छन् । दक्ष कामदार ३८.३३ प्रतिशतले श्रम स्वीकृति लिँदा उच्च दक्षता भएका ०.०१ प्रतिशत र व्यावसायिक पेसाका लागि ०.०६ प्रतिशतले नेपाली विदेशिएका छन् ।



प्रतिवेदनमा जनाइएअनुसार पछिल्लो तीन वर्षमा पाँचवटा मुलुकलाई नेपालीहरूले प्रमुख श्रम गन्तव्य बनाएका छन् । सबैभन्दा बढी नेपाली रोजगारीका लागि कतार पुगेको देखिन्छ । दोस्रोमा मलेसिया, तेस्रोमा साउदी अरेयिबा, चौथोमा युएई र पाँचौंमा कुवेत रहेका छन् । समग्रमा विदेश जाने नेपालीहरूमध्ये कतारमा ३५.९ प्रतिशत, मलेसियामा २२ प्रतिशत, साउदीमा १५.४ प्रतिशत, युएईमा ७.५ प्रतिशत र कुवेतमा ६.५ प्रतिशत रहेका छन् । त्यस्तै जापान, अफगानिस्तान, जोर्डन, माल्टा, टर्की, रोमनिया, साइप्रस, क्रोएसिया, पोल्याण्डलगायतका मुलुकहरूमा पनि रोजगारीका लागि जाने नेपालीको संख्या बढ्दै गएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन सार्वजनिक गर्न आयोजित कार्यक्रममा बोल्दै श्रममन्त्री शेरबहादुर कुँवरले आप्रवासी कामदारहरूको अवस्था संवेदनशील रहेको भन्दै उनीहरूको हक अधिकार सुनिश्चित गर्न सरकार प्रयासरत रहेको बताए । उनले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसले सम्पूर्ण श्रमिकहरूलाई आफ्नो कर्मप्रति गर्व गर्ने एवं आफ्नो हक अधिकारका लागि एकताबद्ध भएर अगाडि बढ्ने वातावरणको सिर्जना गर्ने विश्वास व्यक्त गरे ।

विदेशिएका युवाबाटै देशको अर्थतन्त्र चलिरहेको भन्दै मन्त्री कुँवरले वैदेशिक रोजगारमा जानेहरूलाई सीपयुक्त दक्ष कामदार बनाएर पठाउन सरकारले गृहकार्य गरिरहेको बताए । त्यस्तै श्रमसचिव एकनारायण अर्यालले वैदेशिक रोजगारीका लागि गन्तव्य मुलुकमा जान अझै पनि बिचौलियाको सहायता लिनुपर्ने अवस्थालाई सरकारले विस्तारै हटाउँदै प्रविधिमा आधारित पूर्णतः अनलाइन सेवा प्रणालीमा गएको बताए । उनले सदैव श्रमिकको हितलाई सर्वोपरि मानेर काम गर्दै आएको र अब पनि कुनै कमी हुन नदिने प्रतिबद्धता जनाए ।

यसैगरी आप्रवासी श्रमिक दिवसको अवसर पारेर मन्त्रालयले प्रतिवेदन सार्वजनिक गरेको भन्दै आप्रवासन तथा श्रम क्षेत्रमा सक्रिय विभिन्न संघसंस्थाका प्रतिनिधिले खुसी व्यक्त गरे । विदेशमा रहेका नेपाली श्रमिकहरूको सुरक्षा तथा हकहितका लागि सरोकारवाला पक्षसँग सरकारले समन्वय गरेर अगाडि बढे अझै प्रभावकारी हुने उनीहरूको धारणा थियो ।




# सांसदको पनि अब ई-हाजिरी !

■ नारायणप्रसाद न्यौपाने

**काठमाडौं–** जनप्रतिनिधि अर्थात् सांसदहरू सदन र संसदीय समितिभन्दा बाहिर रमाउन थालेपछि त्यस्तो प्रवृत्ति रोक्न संसद् सचिवालयले विद्युतीय हाजिरी यन्त्र जडान गर्ने तयारी सुरु गरेको छ। संसद् र समितिका बैठकमा कुर्सी खाली राखेर सांसदहरू हाजिर गर्नासाथ बाहिर जानेक्रम बढेपछि सचिवालयले विकल्पका रूपमा विद्युतीय हाजिरी व्यवस्थापन गर्न लागेको हो।

संसद् सचिवालयका प्रवक्ता डा. रोजनाथ पाण्डेले कोरोना संक्रमण हटेको औपचारिक घोषणा भइनसकेको तर सांसदको उपस्थितिको अभिलेख राख्नुपर्ने पक्षलाई दृष्टिगत गरी हातको औंला वा मुखाकृति वा हस्ताक्षरबाट हाजिरी जनाउनका लागि गृहकार्य भइरहेको जानकारी दिए। जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने देशको सर्वोच्च जनप्रतिनिधिसभा संसद्का सदस्यको मुख्य जिम्मेवारी संसद् र संसदीय समितिका बैठक, भेला र छलफलमा सहभागी भई मुलुक र जनहितमा विधि निर्माण गर्नु हो। सांसदलाई अनुशासित र कर्तव्यपरायण तुल्याउने औजारका रूपमा विद्युतीय हाजिरी प्रणालीले सहयोग पुऱ्याउनेछ।

राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आफ्नो सदनको कार्य व्यवस्था परामर्श समितिको सुझाव प्रतिवेदनका आधारमा यसअघि नै विद्युतीय हाजिरीको व्यवस्थापन गर्न सचिवालयलाई निर्देशन दिइसक्नुभएको छ। अध्यक्षको निर्देशनानुसार प्राविधिक पक्ष र सफ्टवेयर विकास गर्नेबारे सचिवालयले अध्ययन सुरु गरिसकेको छ।

नेपालको संसदीय अभ्यासमा पहिलो अर्थात् वि.सं. २०१६ को संसद्मा जस्तो हार्दिकतापूर्ण, गम्भीर छलफल र बहस त्यसपछिका सदनमा हुन नसकेको टिप्पणी गरिँदै आएको छ। पछिल्ला अधिवेसन बैठकमा जनप्रतिनिधि सदनमा आउने तर उपस्थिति जनाएर अन्यत्र हिँड्नेलगायत प्रवृत्तिले प्रश्रय पाउन थालेपछि सचिवालयले विद्युतीय हाजिरी व्यवस्थापनको पहल गर्न लागेको हो।

सदन र संसदीय समिति बैठकमा जनप्रतिनिधिको आवश्यक न्यूनतम संख्या नपुगेर बैठक स्थगन भएका खबर मतदाताले निरन्तर सुन्दै-पढ्दै आएका छन्। जनप्रतिनिधिले विधेयक र प्रस्तावमाथि गहन एवं मसिनोसँग छलफल र बहस नगरी बनेका कानुन र लिएका निर्णय गुणस्तरीय हुन नसक्ने विज्ञको तर्क छ।

सांसदको मुख्य जिम्मेवारी भनेको सदनमा उपस्थित भई विधि निर्माणमा भाग लिनुपर्नेमा बैठक नै छाडेर कहाँ जान्छन् भन्ने प्रश्न सधैँजसो उठ्ने गरेको छ। बैठकमा प्रवेशपूर्व कागजी हाजिरी जनाएर सांसदहरू आफ्नो मूल जिम्मेवारीभन्दा बाहेकका अरू नै काममा लाग्ने, अन्य कक्षमा गई गफ गर्ने, चिया-कफी पिएर घन्टौं समय बिताउने, घाम ताप्ने, सामाजिक कार्यहरूमा संलग्न हुने प्रवृत्ति रहिआएको छ।

सदनका बैठक 'कोरम' नपुगेर स्थगन हुने तर विधायक भने गैरसरकारी संस्थाका कार्यक्रममा खचाखच हुने कार्य लोकतान्त्रिक शासन व्यवस्थामा शोभनीय नभएको विज्ञ बताउँछन्। पछिल्ला बैठकमा कानुन निर्माताको आवश्यक उपस्थिति नपुग्ने, विधेयक र प्रस्तावमाथिको छलफल प्रभावकारी नहुनेजस्ता समस्या निरन्तररूपमा रहिआएको छ। सांसदको उपस्थितिको विवरण वेबसाइटमार्फत् सार्वजनिकसमेत हुँदै आएको छ।

राष्ट्रियसभाका पूर्वसदस्य रामनारायण बिडारी सांसदले नीति- विधि बनाउने कि गैरसरकारी संस्थाका कार्यक्रमा भाषण गर्न वा कुलो खन्न जाने भन्ने विषय छुट्याउन नसक्दा बैठक कक्षका कुर्सी रित्ता देखिने बताउँछन्।

उनी भन्छन्, 'यो पुरानो रोग हो, चेतना र कर्तव्यनिष्ठताको विषय हो, कुन बैठकमा कोरम नपुगेको र त्यसमा कुन सांसद उपस्थित भएनन्, कुन विधेयकमाथि छलफल हुँदै थियो भन्ने कुरा पनि सार्वजनिक गरि नुपर्छ। आफ्नो कर्तव्य नबुझ्दा यो अवस्था आएको हो।'

सचिवालयले हालसम्म सांसदलाई बैठक सकिएको एक घन्टासम्म हाजिर गर्ने सुविधा प्रदान गर्दै आएको छ। विद्युतीय हाजिरको व्यवस्थापन हुन सकेमा जनप्रतिनिधिले सदन र संसदीय समितिलाई कति समय प्रदान गर्छन् भन्ने स्पष्ट भई बैठक सकिएपछि भत्ताका लागि आएर हाजिर गर्ने चलन अन्त्य हुनेछ।

संसद्का काम कारबाहीलाई सशक्त र प्रभावकारी तुल्याउन यस्ता नयाँ औजार महत्त्वपूर्ण सावित हुने अपेक्षा गरिएको छ। सदनमा होस् वा समितिका बैठकमा, प्रमुख दलका शीर्ष नेताकै उपस्थिति न्यून हुने प्रवृत्तिले खल्लो तुल्याएको छ।

उनीहरू अनुपस्थित हुँदा समयमै लिनुपर्ने निर्णय हुन नसकी विषयवस्तुलाई निष्कर्षमा पुऱ्याउन तगारो लाग्ने गरेको छ। शीर्ष नेताको उपस्थिति भएमा साना मसिना विषयमा हुनसक्ने अल्झन तत्काल अन्त्य गर्न योगदान पुग्नेछ। संसदीय समितिबाट उपलब्ध तथ्यांकानुसार दलका शीर्ष नेतामध्ये पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, डा.बाबुराम भट्टराई र झलनाथ खनालबाहेक अरूको उपस्थिति उत्साहजनक देखिन्न।

संसदीय समिति कानुन र विधि निर्माणका हिसाबले प्रारम्भिक र महत्त्वपूर्ण थलोका रूपमा रहने गरेको छ। सदन वा संसदीय समितिलाई प्रभावकारी तुल्याउन तत्तत् राजनीतिक दलका संसदीय दल र सचेतककोसमेत महत्त्वपूर्ण भूमिका रहन्छ। नेकपा (एमाले)का पूर्वप्रमुख सचेतक विशाल भट्टराई भन्छन्, 'सांसद सदन र समितिमा अनुपस्थित हुने अनि बैठक कोरम नपुगेर स्थगन गर्नुपर्ने अवस्था दुखद् हो। यसप्रति धेरैको गुनासो र जनताको आलोचना छ, आगामी दिनमा सच्याएर जानुपर्छ।'

दलबाट प्रतिनिधिसभा एक जनाको मात्र सहभागिता भए पनि विषयवस्तु उठान गर्ने हिसाबले नेपाल मजदुर किसान पार्टीको भूमिकाको सबैले तारिफ गर्दै आएका छन्। सदनका बैठकमा लगातार १० पटक उपस्थित नभएमा पद नै समाप्त हुनसक्ने कानुनी व्यवस्था छ। जनप्रतिनिधिका बैठकमा भाग लिने नै मुख्य जिम्मेवारी हो। संसद्मा हुने बहस, सवाल-जवाफ, छलफल, तर्कवितर्क र पैरवीले लोकतन्त्रलाई सुदृढ तुल्याउँछ भन्ने मान्यता छ।

राजनीतिको मुख्य केन्द्र र खेल मैदानका रूपमा लिइने नेपालको संसद् दुई सदनात्मक छ। संघीय संसद्को प्रतिनिधिसभामा २७५ तथा प्रबुद्ध एवं ज्येष्ठ उमेरका वर्ग सम्मिलित राष्ट्रियसभामा राष्ट्रपतिबाट मनोनीत हुने तीन व्यक्तिसहित ५९ सदस्य छन्। तल्लो सभामा ३३ प्रतिशत महिलासहित छन्। प्रतिनिधिसभाका १०, राष्ट्रियसभाका चार र संयुक्त सदन मातहत दुई विषयगत समिति छन्। विषयगत समिति विधेयक र प्रस्तावमाथिको गहन छलफल हुने थलो हो। *रासस*

## राष्ट्रपति...

पृष्ठ १ बाट जारी

वाम गठबन्धन गरेर चुनाव लडेको र तत्कालीन एमालेसँगको एकता प्रक्रियामा रहेको दल नेकपा माओवादी केन्द्रको समर्थन रहेको आधारमा सीधै प्रधानमन्त्री नियुक्त गरेकी थिइन्। त्यसबेला ओलीलाई संविधानको धारा (७६) (१) अनुसार प्रधानमन्त्री नियुक्त गरेकी हुन्। यसपटक कुनै एक दलको बहुमत नपुग्ने हुनाले सीधै प्रधानमन्त्री नियुक्त नगरे पनि संवैधानिक प्रक्रिया मिचेर सरकार गठनका लागि आह्वान गरिन्।

संविधानविद् डा. भीमार्जुन आचार्यले राष्ट्रपति भण्डारीले नयाँ सरकार गठनको आह्वान गर्ने क्रममा संवैधानिक प्रक्रिया मिच्नु आपत्तिजनक भएको बताए। उनले राष्ट्रपतिले नै संवैधानिक प्रक्रिया मिच्नुलाई सामान्य ठान्न नसकिने बताए।

'राष्ट्रपति संविधानको संरक्षक हो तर उहाँले अहिले संविधानको धारा ९३ मिच्नुभयो,' उनले प्रभावसँग भने, 'धारा ९३ अनुसार निर्वाचनको परिणाम सार्वजनिक भएको मितिले ३० दिनभित्र संसद्को अधिवेसन आह्वान गर्नुपर्छ। संसद् अधिवेसनपछि बल्ल निर्वाचित सांसदले शपथ लिन्छन्। अनि, बल्ल सरकार बनाउने भनेको त संसद्को काम हो। एकदमै गलत भयो।'

शपथ नखुवाई प्रत्यक्ष र समानुपातिकबाट सांसदमा निर्वाचित भएकाहरू सांसद हुँदैनन्। त्यसका लागि संसद् बैठक बस्नैपर्छ। पहिलो संविधानसभामा नेपाली कांग्रेसका सांसद कुलबहादुर गुरुङले ज्येष्ठ सभासदको हैसियतमा संविधानसभा बैठकको अध्यक्षता गरेका थिए। दोस्रो संविधानसभाको पहिलो बैठकको अध्यक्षता सबैभन्दा ज्येष्ठ सदस्य महन्थ ठाकुरले गरेका थिए।

बैठकबाटै सभासदहरूलाई शपथ खुवाइएको थियो। तर, २०७४ मा भने राष्ट्रपति भण्डारीले यो संवैधानिक प्रक्रिया तोडेकी थिइन्। त्यसबेला पनि विरोध भएको थियो। फेरि, यसपटक पनि संवैधानिक प्रक्रिया मिचेर राष्ट्रपतिले एकैपटक नयाँ सरकार गठनको आह्वान गरेकी हुन्।

राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले भने राष्ट्रपतिको कदमको बचाऊ गरे। उनले भने, 'संसद् अधिवेसनबारे राष्ट्रपतिज्यूले यही शुक्रबार संसद् सचिवालयमा पत्र पठाउनुभएको छ। त्यसपछि न नयाँ सरकार गठनको आह्वान गर्नुभएको हो।'

राष्ट्रपति भण्डारीलाई २९ मंसिरमा निर्वाचन आयोगले प्रत्यक्ष र समानुपातिकबाट निर्वाचित सांसदहरूको विवरण उल्लेखित निर्वाचन प्रतिवेदन बुझाएको थियो।

प्रतिनिधिसभा र सातवटै प्रदेशसभामा दुवै निर्वाचन प्रणालीबाट गरी ८२५ जना निर्वाचित भएका छन्। निर्वाचनबाट भने कुनै एक दललाई बहुमतीय सरकार गठनको जनादेश प्राप्त भएको छैन। दुई वा दुईभन्दा बढी दलहरूको मिलिजुली सरकार बन्ने अवस्था छ। चुनावमा भने कांग्रेस र एमाले एकल बहुमत ल्याउने भन्दै गएका थिए। तर, दुवै दल एकल बहुमतविहीन बने। परिणामतः संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको सहारा लिन कांग्रेस-एमाले बाध्य हुने भएका छन्। संसदीय गणित हेर्दा एमालेलाई भन्दा मिलिजुली सरकार गठन गर्न कांग्रेसलाई केही सहज छ।

## अर्जेन्टिनालाई ...

पृष्ठ १ बाट जारी

गरेका छन्।

त्यसपछि खेलको ३५ औं मिनेटमा मेसीको पासमा डि मारियाले गोल गर्दै टिमको स्कोर दोब्बर बनाएका थिए। त्यसपछि खेलको पहिलो हाफमा कुनै गोल भएन। दोस्रो हाफमा उत्कृष्ट प्रदर्शन गर्दै फ्रान्स खेलमा फर्कियो। फ्रान्सले खेलको ७८ औं मिनेटमा पाएको पेनाल्टीलाई किलियन एम्बापेले गोलमा परिणत गरे। त्यसको दुई मिनेट नबित्दै एम्बापेले फ्रान्सका लागि अर्को उत्कृष्ट गोल गर्दै २-२ को अवस्थामा ल्याइपुऱ्याए। त्यसपछि निर्धारित समयमा कुनै गोल हुन नसकेपछि खेल अतिरिक्त समयतर्फ धकेलिएको थियो।

अतिरिक्त थप गरिएको ३० मिनेटको पहिलो १५ मिनेटमा पनि कुनै गोल भएन। त्यसपछि अतिरिक्त समयको दोस्रो हाफमा अर्जेन्टिनाले एक गोल गर्न सफल भयो। उक्त गोल कप्तान मेसीले गरेका थिए। त्यसलगत्तै फ्रान्सले पेनाल्टी पायो, र एम्बापेले सहजै गोल गर्दै ह्याट्रिक पूरा गरे। उनी विश्वकप फाइनलमा ह्याट्रिक गर्ने दुर्लभ कीर्तिमान राख्न सफल भए। त्यसपछि दुवै पक्षबाट गोल हुन नसकेपछि खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो।

पेनाल्टी सुटआउटमा एम्बाप्पेले गोल गर्दै फ्रान्सलाई अग्रता दिलाए। त्यसपछि अर्जेन्टिनाका कप्तान मेसीले गोल गर्दै बराबरीमा ल्याए। फ्रान्सका दुई खेलाडीले लगातार पेनाल्टीमा गोल गर्न नसक्दा अर्जेन्टिनाले विजय हात पारेको हो। अर्जेन्टिनाका किपरले एक एउटा पेनाल्टी रोकेका थिए भने एउटा पोस्टबाहिर गएको थियो। अर्जेन्टिनाका अन्य तीन खेलाडी सबैले गोल गरेका थिए।

कतारमा सम्पन्न २२औं संस्करणको विश्वकप फुटबल फाइनलमा फ्रान्सविरुद्ध मैदान उत्रेसँगै मेसीले सर्वाधिक २६ खेल खेल्ने कीर्तिमान बनाएका छन्। जारी विश्वकपमा सातौं खेल खेलिरहेका मेसीले जर्मनीका लोथार म्याथाउसको २५ खेलको कीर्तिमान तोडेका हुन्।

त्यस्तै जारी विश्वकपमा सर्वाधिक आठ गोल गर्न सफल फ्रान्सका एम्बाप्पेले गोल्डेन बुट हात पारेका छन्। लगातार दोस्रो तथा समग्रमा तेस्रोपटक उपाधि जित्ने फ्रान्सको सपना भने अधुरै रह्यो।

फाइनल खेल समापनसँगै विश्वकप फुटबलको २२औं संस्करण सकिएको छ। खाडीमुलुक कतारले पहिलोपटक विश्वकप आयोजना गरेको हो।


**आर.के.डी. होल्डिंग्स लिमिटेड**

**पोखरा उप म.न.पा–८, कास्की, गण्डकी**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९/०८/२३)**

श्री सेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७९।०८।२१ मा बसेको संचालक समितिको बैठकको निर्णयनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण सेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, समय र स्थानः**
मितिः २०७९ साल पुष महिना ११ गते सोमबार (डिसेम्बर २६, २०२२)
समयः बिहान १० बजे देखि
स्थानः ह्वाइट हाउस सेरेन प्यालेस, सिर्जना चोक, पोखरा

२. **छलफलका विषय सूचीहरूः**
क) **विशेष प्रस्तावहरूः**
१ कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) र (ख) संशोधन गरी कम्पनीको अधिकृत तथा जारी पुंजी वृद्धि गर्ने सम्बन्धमा।
२ कम्पनीको नियमावलीको नियम ९ मा भएको अग्राधिकार सेयर सम्बन्धि व्यवस्था संशोधन गर्ने सम्बन्धमा।
३ **डिबेन्चर जारी गर्ने सम्बन्धमा।**
ख) **विविध।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**Vacancy Announcement**

First time Published date
4th Poush 2079

Japanese Language & Education Culture Center Pvt. Ltd. registered at Office of Company Registar on 2062.10.25 and also got certificate from Japanese Language Teachers' Association Nepal, has been working on to educate & provide proper knowledge of Japanese language. We urgently requires competent & experienced candidate for below mentioned position. The Nepalese candidates are highly encouraged & appreciate in the process of selection.

The interested candidates are requested to submit their Bio-Data (Curriculum Vitae) within 7 days from the date of publication of this notice at the address indicated below. Shortlisted candidates will be called for virtual interview.

| S.N. | Position | QTY | Qualification | Experience |
|---|---|---|---|---|
| 1 | Instructor | 1 | Bachelor Degree | • At least 3-4 years' experience in related field<br>• Proper Knowledge of Japanese & English language is highly preferable<br>• Should have knowledge of Care giver, Japanese Traffic Rules and Regulations |

Work place & area : Kumaripati, Lalitpur
Contact Period : 1 year,
Required document : previous work related document,
Salary Scale : Mutual understanding

**Contact Address:**
**Japanese Language & Education Culture Center Pvt. Ltd**
Kumaripati, Lalitpur, Nepal
Contact No. : +977.9860088256
Email Address:suneilmaharjan88@gmail.com



**बर्जु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**प्रदेश नं.१, सुनसरी, नेपाल**

**बर्जु गाउँपालिकाद्वारा जनहितमा जानकारीमूलक सन्देश**

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं। ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं। ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं। ● खानेपानीका मुहानहरु सदैव सफा राखौं। ● जथाभावी फोहोर नफालौं। ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ। ● चर्पीमा मात्र दिसापिसाव गरौं। ● सफासँग हात धोएर खाना खाने गरौं। ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं। ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं। ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं। ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं। ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं। ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं। ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं। ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं। ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं। ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं। ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं। ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं। ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने। १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।

महाकाली तटीय क्षेत्र

# उहिले बाढीको त्रास, अहिले पर्यटकीय गन्तव्य



■ शेरबहादुर सिंह

**महेन्द्रनगर–** वि.सं. २०७० अघि हरेक वर्षात्मा महाकाली नदीमा आउने बाढीले भीमदत्त नगरपालिकाको तटीय क्षेत्रका नागरिकको दैनिकी त्रासदीपूर्ण हुन्थ्यो । बाढीले भीमदत्त नगरपालिका-११ भुजेला, १२ ऐरी ओदाली र वडा नं १३ पिपरीया क्षेत्रमा सयौं बिघा जमिन बगरमा परिणत भएको थियो । महाकालीको बाढीका कारण सयौं परिवार विस्थापित बने । तर, अहिले महकालीको तटीय क्षेत्र पर्यटकीय गन्तव्यमा परिणत भएको छ । सधैं बाढीको त्रास रहने उक्त क्षेत्र पर्यटकीय गन्तव्य बनेकामा स्थानीयवासीमा खुसीको सीमा छैन ।

यहाँ पुलसँगै निर्माण भएको पहुँचमार्ग भाइरल रोडका रूपमा परिचित बन्दा यहाँ आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । 'जहिल्यै वर्षात्मा महाकाली उर्लेर आउँथ्यो, कहाँ गएर आश्रय लिने भन्ने समस्याले सताउँथ्यो,' भीमदत्त नगरपालिका-१२ की चन्द्रकला सोनहाले भनिन्, 'बाढीले कटान गर्ने ठाउँमा अहिले छ लेनको सडक बनेको छ, सेल्फी खिच्न आउनेको यहाँ घुइँचो लाग्छ ।'

महाकाली नदीमा अर्बौंको लगानीमा चार लेनको पक्की पुलसँगै गड्डाचौकीदेखि दोधारा चाँदनीको सुक्खा बन्दरगाह प्रस्तावस्थलसम्म छ लेनको कालोपत्र सडक बनेपछि यहाँ बाढीको त्रासदी हटेको छ । 'बाढीले बगाउँछ भने यहाँ जग्गा किन्न कोही पनि आउँदैनथे, अहिले जग्गाको मूल्य अकासिएको छ,' भुजेलाका रामसिंह सुनारले भने, 'अहिले जग्गाको मूल्य महेन्द्रनगर बजारको हाराहारी छ ।'

बाढीका बेला सुरक्षा निकायले उद्धार गरेर नजिकैको स्कुलमा हप्तौं बसेको विगत सुनाउँदै सुनारले सो क्षेत्रको विकासले यहाँको स्थानीयको अवस्थामा पनि व्यापक सुधार आउने बताए । 'दिनहुँजसो यहाँ जग्गा खरिदका लागि आउँछन्,' उनले भने, 'उहिलेको र अहिलेको भुजेलामा धेरै अन्तर भइसकेको छ ।'

वि.सं. २०७० सम्म वर्षात्का बेला महाकाली उर्लिंदा मुलुककै ध्यान तान्ने गरेको विपत्को स्थिति गुजारेको तटीय क्षेत्रमा अहिले दिनहुँजसो भाइरल रोड र पक्की पुलमा फोटो खिच्न आउनेको घुइँचो नै लाग्ने गरेको स्थानीयवासी बताउँछन् । गड्डाचौकीदेखि दक्षिणतर्फ महाकाली नदीमा निर्माण भएको पुलसम्मको पहुँचमार्ग निर्माणले यहाँका धेरै बस्ती बाढीको जोखिमबाट मुक्त भएका छन् । गत वर्ष कात्तिकमा आएको बाढीले यहाँ सडकमा समान्य क्षति पुऱ्याए पनि बाढी बस्तीमा पस्नबाट सडक नै सहयोगी बनेको स्थानीयवासीको भनाइ छ । सो समयमा पोखरी निर्माणका लागि ढुंगाको व्यवस्थापन नहुँदा बाँध निर्माण सुरु भइसकेको थिएन । बाँध नहुँदा नै पहुँचमार्गमा क्षति पुगेको निर्माण कम्पनीले जनाएको छ ।

विगतमा भुजेलादेखि पिपरियासम्मको तटीय क्षेत्रमा महाकाली नदीमा जनताको तटबन्ध कार्यालय तटबन्ध निर्माण गरी बस्ती जोगाउन सक्रिय थियो । 'तटबन्ध नहुँदा विगतमा स्थानीयका घरदेखि विद्यालयसम्म बगे,' भुजेलाकै मानवीर भट्टले भने, 'वर्षात्मा त स्थानीय प्रशासनको ध्यान यहाँकै जनता र बस्ती कसरी जोगाउने भन्नेमा हुन्थ्यो ।'

महाकाली नदीमा पुल निर्माण गरिरहेको कुमार सिएफइसी जेभीका इञ्जिनियर किशोरराज पाण्डेयले गड्डाचौकीदेखि निर्माणाधीन पुलसम्मको पहुँचमार्ग कालोपत्र सकिन लागेको जानकारी दिए । आठ दशमलव छ किलोमिटर कालोपत्रमध्ये छ किलोमिटर सडक निर्माण भइसकेको उनले बताए । पुल ओहोरदोहोरका लागि मात्रै नभएर पर्यटकीय दृष्टिकोणले पनि महत्त्वपूर्ण रहेको इञ्जिनियर पाण्डेयको भनाइ छ ।

'पुलको दुवैतर्फ (उत्तर र दक्षिण) बाँध बाधेर आँखा आकारका पोखरी निर्माण पुलकै प्याकेजभित्र छ,' उनले भने, 'पोखरीका लागि बाँध बाध्ने काम विगत एक महिनायता जारी छ ।' इञ्जिनियर पाण्डेयले पोखरी निर्माण सकिए यहाँका पालिकाको आयस्रोतसमेत बढ्ने बताए ।

'पोखरीको बीचमा तीन/तीन वटा टापु बन्ने छन्, त्यहाँ ढुंगा चढेर आउन जान सकिनेछ,' इञ्जिनियर पाण्डेयले भने, 'पोखरीमा माछापालनदेखि ढुंगा सञ्चालन गरेर यहाँका पालिकाले पर्यटकलाई लोभ्याउन सक्छन् ।' तीन अर्ब ६६ करोड रूपैयाँको लागतमा निर्माण हुन लागेको उक्त पुलको सबै काम आगामी वर्षभित्र सक्नेगरी निर्माण अघि बढेको छ ।

पुलको उत्तरपट्टी एक वर्ग किलोमिटरभन्दा ठूला दुई तथा दक्षिणतर्फ ०.३ वर्ग किलोमिटरका दुई गरी चारवटा पोखरी निर्माण हुँदै छन् । त्यसैगरी पक्की पुलबाट करिब अढाइ किलोमिटरको दूरीमा दक्षिण एसियाकै लामो दोधारा चाँदनी झोलुंगे पुल रहेको छ । यहाँ हरेक दिन आन्तरिक तथा बाह्य पर्यटक अवलोकनका लागि आउने गरेका छन् । भीमदत्त नगरपालिका-१३ का वडाध्यक्ष रामबहादुर बोहरा झोलुंगे पुलदेखि चार लेनको पक्की पुलसम्मको सडक कालोपत्र गर्नसके स्थानीयका साथै पर्यटकलाई आवतजावत गर्न सहज हुने बताउँछन् । उनले भने, 'यति सडक मात्रै बनाउनसके यहाँ पर्यटकीय गतिविधि बढ्छ ।'

लामो समय महाकाली तटीय क्षेत्रका नागरिकले कष्ट व्यहोरे पनि पुल बनेसँगै आर्थिक गतिविधि बढिरहेको बोहराले बताए । 'सुक्खा बन्दरगाह र त्रिदेशीय नाका बनाउने एजेण्डाले जग्गाको कारोबार नै आकासिएको छ,' उनले भने, 'सुक्खा बन्दरगाहदेखि नेपाल-भारत र चीनको त्रिदेशीय नाकाका रूपमा विकास भए सुदूरपश्चिमकै कायापलट हुनेछ ।'

पक्की पुल पारी दोधाराचाँदनी नगरपालिका-१ मा दुईवटा सामुदायिक वनमा सुक्खा बन्दरगाह प्रस्ताव गरेर प्रक्रिया अघि बढाइएको छ । यसैगरी पहुँचमार्गलाई गड्डाचौकीबाट उत्तरतर्फको ब्रह्मदेवसम्म विस्तार गरेर त्यहाँबाट जोगबुढा हुँदै दार्चुलासम्मको महाकाली करिडोरलाई जोड्ने योजना छ ।

*रासस*


## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. Receptionist**

नोटः +2 pass, सम्बन्धित क्षेत्रमा अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

सम्पर्कको लागि **मोबाईलः ९८०१०८४७८६** 9801084786



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MALAYSIAN DIE-CASTING INDUSTRIES SDN. BHD**

पूर्व स्वीकृति मिति २०९८/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/03 | LT. No. 273898 | चलानी नं. ६०१८९८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 40 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**

Govt. License 387/059/060

Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com

Website: www.paradeshioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZAD BALADY TRADING COMPANY ONE PERSON CO.**

पूर्व स्वीकृति मिति २०७९/०८/२० | पून विज्ञापन स्वीकृति मिति : २०७९/०९/03 | LT No.277287 | चलानी नं.६०१९२८५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour | 10 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **FINE TASTE TRADING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०८/२० | पून विज्ञापन स्वीकृति मिति : २०७९/०९/03 | LT No.277288 | चलानी नं.६०१९२८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 10 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Car Driver | 3 | 0 | 1500 | ५३,०५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



सुर्नया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रौलेश्वर, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०७९/०९/०३)

यस कार्यालयबाट मिति २०७९।०७।१८ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्नानुसारको ठेक्कामा तपशिलको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट स्वीकृत भएकाले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्पूर्ण बोलपत्र दाताहरुको जानकारीका लागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क.) सहित |
|---|---|---|---|---|
| १. | NCB/SRM/BAITADI/01/079/080 | Construction of Uchhakot Ma.Vi. School Building Construction Surnaya-1 | भुमिराज उदयदेव निर्माण सेवा | 5465089.81 |
| २ | NCB/SRM/BAITADI/02/079/080 | Construction of Motinagar Morbhatyauna He.Po.Bhumiraj Road Surnaya-6 | प्रमोद कन्ट्रक्सन | 4790723.09 |
| ३ | NCB/SRM/BAITADI/03/079/080 | Construction of Jogeni Hitnaya Khatali lift Water Supply Project Surnaya-6 | अनिरुद्र निर्माण सेवा | 3454901.34 |

प्रमुख प्रशासकीय अधिकृत



## वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण (Scoping) बारेको सार्वजनिक सूचना

बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १४ र किर्तिपुर नगरपालिका वडा नं १० को संगम बल्खुमा जनप्रशासन क्याम्पस नजिकै चिकित्सा शास्त्र अध्ययन संस्थान (IOM) द्धारा प्रस्तावित निम्न बमोजिमको मेडिकल स्पेसीयालिटि एंड डाएग्नोस्टिक सेन्टरको कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **त्रिभूवन विश्वविधालय (त्रि.वि.)**<br>चिकित्सा शास्त्र अध्ययन संस्थान (IOM), महाराजगन्ज, काठमाडौं, नेपाल<br>सम्पर्कः ०१-४४१०९११, इमेल : iomdean@iom.edu.np,<br>वेबसाइट : http://iom.edu.np/ |
| प्रस्तावको व्यहोरा | कीर्तिपुर नगरपालिका तथा काठमाडौंको महानगरपालिकाको संगम क्षेत्रमा (पूर्वमा जन प्रशासन क्याम्पस, पश्चिममा थापाथली क्याम्पस, उत्तरमा चक्रपथ सडक र दक्षिणमा त्रि.वि. को जग्गा, यति ४ किल्ला भित्र) गणतन्त्र स्तम्ब नजिक त्रि.वि.वि. को १५१९५१.६३ व.मि. को जग्गामा १५०० शय्याको **Multi-disciplinary, Medical super specialty and Diagnostics centre** निर्माण गर्ने योजना बनाएको छ। यस आयोजनाले आधुनिक उपकरण सहितको अस्पतालको सुविधा तथा शैक्षिक सुविधा पनि प्रदान गर्ने छ। |
| प्रभाव पर्न सक्ने न.पा. | काठमाडौं महानगरपालिका वडा नं १४ र किर्तिपुर नगरपालिका वडा नं १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, महानगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यलय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सातदिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | त्रिभूवन विश्वविधालय<br>चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगन्ज, काठमाडौं, नेपाल<br>सम्पर्कः ०१-४४१०९११, इमेल : iomdean@iom.edu.np, वेबसाइट : http://iom.edu.np/ |
| परामर्शदाताको नाम र ठेगाना | कन्चन इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि., पोखरा, , कास्की जिल्ला<br>ईमेलः kanchaneng@gmail.com |



## Kuwait मा बैदेशिक रोजगारको अवसर

**1. Company: NISHAN HOLDING CO. K.S.C.H., Kuwait** पून:विज्ञापन

पूर्व स्वीकृति मितिः- २०७९।०३।१४ | च. न.:-६०१८२०६६ | LT No:- 266086

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव नेरू | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Certified Electricians | 02 | - | कामका दक्ष | 115 | ४९,५१०।- | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Certified Plumber | 02 | - | | 115 | ४९,५१०।- | | | | | | | |
| 3 | Certified Painters | 02 | - | | 115 | ४९,५१०।- | | | | | | | |
| 4 | Experience Housekeeping | - | 03 | | 110 | ४७,३५७।- | | | | | | | |
| 5 | Cleaners | 02 | - | | 100 | ४३,०५१।- | | | | | | | |
| 6 | AC Technician | 01 | - | | 150 | ६४,५७७।- | | | | | | | |

**अन्तर्वार्ता २०७९ पौष ११ गते (26 Dec., 2022) मेनपावर कार्यालय बालुवाटारमा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :– (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुभाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला।

KATHMANDU OVERSEAS PVT. LTD.
HUMAN RESOURCES & LOGISTIC SUPPORT
Redge No. 265/058/059
श्रम इजाजत नं. २६५/०५८/०५९

**काठमाण्डौ ओभरसिज प्रा. लि.**

बालुवाटार, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६
Email: kathmandumanpower@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L. OIL & GAS DIVISION**

पूर्व स्वीकृति मिति २०७९/०७/१४ | पून स्वीकृति मिति २०७९/०९/०१ | LT. No. 274361 | चलानी नं. ६०१९०११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 20 | 95 | ४१,०८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Labors | 40 | 0 | 95 | ४१,०८० | | | | | | | |
| 3 | Security Guards | 40 | 0 | 125 | ५४,०५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 274361 मितिः २०७९/०९/०२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Swift Gurkha International Pvt. Ltd.**

श्रम इजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MEWAH VISION SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०३ | LT. No. 270554 | चलानी नं. ६०१८६५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : **ARTERIAL RESOURCES SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०५/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०३ | LT. No. 270217 | चलानी नं. ६०१८६१०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 31 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA
RECRUITMENT HR PVT LTD
Govt.Lic.No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मतदातासँगको वाचामा इमान्दार बन्

मुलुकमा नयाँ सरकार गठनको कसरत चलिरहेको छ । निर्वाचन आयोगले ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको अन्तिम मतपरिणामसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएसँगै नयाँ सरकार गठनको बाटो खुलेको हो । यसैबीच आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले नयाँ सरकार गठनको आह्वान गरिसकेकी छन् । राष्ट्रपति कार्यालयले जारी गरेको सूचनामा भनिएको छ, 'नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई नेपालको प्रधानमन्त्री नियुक्त गर्नका लागि २०७९ पुस १० गते आइतबार १७:०० बजेभित्र दाबी पेस गर्न सम्माननीय राष्ट्रपतिज्यूबाट आह्वान भएको व्यहोरा अनुरोध छ ।'

राष्ट्रपतिले सरकार गठनका लागि आह्वान गरे पनि नवनिर्वाचित सांसदहरूले शपथग्रहण गरेका छैनन् । यद्यपि, राष्ट्रपतिले सरकार गठनको कानुनी आधार नै किटेर दाबी पेस गर्न आह्वान गरेकी छन् । तर, सत्तारूढ दल तथा केही संविधानविद्ले भने राष्ट्रपतिले सरकार गठनको उल्टो प्रक्रिया अपनाएको भन्दै आलोचना गरेका छन् । त्यसो त राष्ट्रपति भण्डारीले यसअघि पनि यही प्रक्रिया अपनाएको नजिर छ । त्यही नजिरलाई उनले पुनः निरन्तरता दिएपछि आलोचना भएको हो ।

संवैधानिक प्रक्रिया हेर्ने हो भने सांसदहरूले शपथग्रहण नगरी सरकार गठन हुने अवस्था देखिँदैन । शपथग्रहणका लागि संसद् बैठक आह्वान गर्नुपर्ने हुन्छ । पहिलो बैठकमा नवनिर्वाचित सांसदहरूमध्ये ज्येष्ठ सदस्यबाट शपथग्रहण गर्ने परम्परा रहेको छ । तर, राष्ट्रपतिले उक्त प्रक्रियालाई मिच्दै सीधै सात दिनको समय दिएर सरकार गठनको आह्वान गरेकी छन् । यो कदमले राष्ट्रपति पुनः विवादमा तानिएकी छन् ।

यता दलहरू सरकार गठनको रस्साकस्सीमा लागेका छन् । दलहरू संसदीय दल गठनको तयारीमा जुटेका छन् । संसदीय दल गठनसँगै दलको नेता चुनिने छन् । प्रधानमन्त्रीको उम्मेदवार बन्न संसदीय दलको नेता हुनुपर्छ । संसदीय दल गठनसँगै सरकारको समीकरणबारे पनि विभिन्न चर्चा भइरहेको छ । वर्तमान सत्ता गठबन्धन यही गठबन्धनलाई निरन्तरता दिने प्रयासमा छन् । अर्कोतर्फ नेकपा एमाले गठबन्धन भत्काएर आफ्नो नेतृत्वमा सरकार गठन गर्ने दाउमा छ । त्यसैले सत्ता समीकरण परिवर्तन हुनसक्ने सम्भावना रहेको छ ।

दलहरूले चुनावमा पाँच वर्षका लागि स्थिर सरकार चलाउने वाचा मतदाताहरूसमक्ष राखेका थिए । तर, चुनावी परिणाम कुनै दलको एकल बहुमत पुग्ने आएको छैन । सत्ता गठबन्धनसमेत बहुमत पुऱ्याउन चुकेको छ । त्यसैले जुन दलको नेतृत्वमा सरकार बने पनि मिलिजुली सरकार बन्ने निश्चित छ । त्यसैले अबको सरकार थप अस्थिर बन्ने आशंका बढेको छ । सरकार जसको नेतृत्वमा गठन भए पनि दलहरू मतदातासमक्ष आफूले दिएको स्थिर सरकारको वाचा पूरा गर्नेतर्फ इमान्दार बन्नुपर्छ । विगतको गल्तीलाई पुनः नदोहोऱ्याउनेगरी सरकार निर्माण र सञ्चालन गरुन् । अहिलेको जनअपेक्षा र मुलुकको आवश्यकता यही हो ।

## मननयोग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर ।

'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- ' आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- ' यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए । क्रमशः

# सुशासनसहितको सुव्यवस्थाको पर्खाइ

नारायणप्रसाद घिमिरे

सदाझैँ यस वर्ष पनि नेपालमा भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस भव्यरूपमा मनाइयो । सरकारी तथा गैरसरकारी निकायले छुट्टाछुट्टै कार्यक्रम गरी यो दिवस विशेष महत्त्वका साथ मनाए ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने सरकारी निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रधानमन्त्रीको उपस्थितिमा कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले भने, 'सरकारी कामलाई चुस्त र प्रभावकारी बनाउँदै विकास निर्माणका कार्यलाई निर्धारित लागत र समयमै सम्पन्न गरी आमनागरिकलाई सुशासनको अनुभूति दिलाउनु आजको सर्वोपरि आवश्यकता हो । यस अवसरमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका सबै संयन्त्र र तहमा कडाइका साथ कार्यान्वयन गर्न सबैलाई आग्रह गर्दछु ।'

उनले समाजको कलंकका रूपमा रहेको भ्रष्टाचारलाई नियन्त्रण गर्न, त्यस्ता गतिविधिबाट

राजनीति केवल लिखित/मौखिक प्रतिबद्धताको खेल होइन न कि सपनाको महल । धरातलीय यथार्थविना न राजनीति चल्छ, न सरकार । यथार्थमा त हामीले भ्रष्टाचार उन्मूलन गर्नु नै छ । भ्रष्टाचार नेपाली शासन प्रणालीको नयाँ समस्या पक्कै होइन । तर, यसलाई जति बेवास्ता गरिन्छ, त्यत्तिकै झाँगिन्छ । भ्रष्टाचार उन्मूलन सुशासनको प्रत्याभूति मात्र नभई संघीयता सवलीकरणको कडी हो ।

टाढै रहन र भ्रष्टाचारजन्य कार्यविरुद्ध आवाज मुखरित गरी सदाचार कायम गर्न आजको दिनले प्रेरणा र प्रोत्साहन प्रदान गर्ने विश्वास व्यक्त गरे । भ्रष्टाचार नियन्त्रणको अन्तर्राष्ट्रिय दायित्वप्रति नेपाल सरकार पूर्ण प्रतिबद्ध रहेको पनि उनले बताए ।

भ्रष्टाचारको कुरा गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अख्तियार ई-बुलेटिन (कात्तिक, २०७९) अनुसार, जारी आर्थिक वर्षको पहिलो त्रैमासिक (साउन-असोज) अवधिमा भ्रष्टाचारसम्बन्धी पाँच हजार ७१० वटा उजुरी परेका छन् र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका सात हजार १६१ गरी १२ हजार ८७२ उजुरी रहेका छन् । यस अवधिमा चार हजार ३३६ उजुरी फर्स्योट भई आठ हजार ५३६ उजुरी फर्स्योट हुन बाँकी रहेका छन् ।

प्रधानमन्त्रीको भनाइ र आयोगका आँकडाबाट स्पष्ट हुन्छ समाजको कलंक भ्रष्टाचार व्याप्त छ । यसको नियन्त्रणमा हाम्रा प्रयास अझै अपुग छन्, प्रभावकारी भएका छैनन् । अर्थात् भ्रष्टाचारका कारण विकास निर्माणका कार्यमा ढिलाइ छ, विकासको गति धिमा छ । जनता सुशासनसहितको सुव्यवस्थाको अनुभूतिको व्यग्र प्रतीक्षामा छन् ।

कुनै समय तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई 'ठूला माछा' पनि समात्नु भनी दिएको निर्देशनले लामो समयसम्म सरकार, कर्मचारीतन्त्र र मिडियामा तरंग पैदा गरेको थियो । अर्थात् आयोगलाई तल्लो तहका कर्मचारीलाई मात्र दुःख दिनेभन्दा पनि भ्रष्टाचार नियन्त्रणका लागि माथिल्लो तहका कर्मचारीको संलग्नता र जालो तोड्नका लागि निर्देशन थियो । केही सयमयता 'ठूला माछा'सम्बन्धी समाचार आएका छैनन्, भ्रष्टाचार नियन्त्रण भएर हो वा सम्बन्धित निकायको निस्क्रियताका कारण हो विस्तारै थाहा होला ।

शासनको बागडोर सरकारमा हुने, जहाँ स्थायी सरकार कर्मचारीतन्त्र र बेलाबेलामा विभिन्न राजनीतिक दलहरूको संसद् र सरकार बन्ने हुँदा देशमा सुशासन निर्माणका लागि यिनीहरूको प्रमुख भूमिका खोजिन्छ । समाज तथा सम्पूर्ण जनताले उनीहरूबाट पारदर्शिता, मितव्ययिता, उत्तरदायित्व खोजेका हुन्छन्, जो भ्रष्टाचार नियन्त्रणका उपाय हुन् । त्यसैले यी संयन्त्रले जनतासँग कत्तिको पारदर्शीरूपमा व्यवहार गर्छन् भन्ने कुराले विशेष महत्त्व राख्छ । कर्मचारीले सार्वजनिक सेवा प्रवाहमा पारदर्शिताका लागि के-कस्ता उपाय अबलम्बन गर्छन् त ?

इन्टरनेट र डिजिटल प्रविधिको प्रयोगले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउने भए पनि कतिपय सरकारी कार्यालयमा पुरानै ढर्राको व्यवहार व्याप्त छ । केही समयदेखि 'डिजिटल नेपाल'को चर्चा भए पनि अझै पनि विभिन्न सरकारी कार्यालय अगाडि सेवाग्राहीको लामो लाइन कायमै छ । कतिपय विश्लेषकका अनुसार नेपाली कर्मचारीतन्त्र इन्टरनेट र डिजिटल प्रविधिको कार्यान्वयनमा भन्दा ढिलाइमा जोड दिन्छ, कागजी प्रक्रियालाई महत्त्व दिन्छ, जसले गर्दा सेवाग्राहीसँग अनेक सौदाबाजीको मौका मिल्छ । यसरी हेर्दा सार्वजनिक निकायमा पारदर्शिता नहुनुको कारण नयाँ प्रविधिप्रति कर्मचारीतन्त्रको अरुचिलाई पनि लिन सकिन्छ । त्यस्तै ढिलासुस्तीबाट हैरानी खेप्नुभन्दा अनेक उपाय गरी छिट्टै सेवा लिने सेवाग्राहीको चेष्टा हुन्छ, जुन कुराले पनि भ्रष्टाचार बढ्नमा भूमिका छ ।

भ्रष्टाचार बढ्ने कारण थुप्रै छन् जुन सामाजिक, आर्थिक र राजनीतिक पक्षसँग जोडिन्छन् । उदाहरणका लागि, नेपाली कर्मचारीको तलबमान र बढ्दो बजार भाउअनुकूल नभएको भनी स्वयं कर्मचारी र उनीहरूका संघ संगठनले पनि समय-समयमा भन्दै आएका छन् । हरेक वर्ष बजेट निर्माणको समयमा तलबमानको वृद्धि प्रतिशतसहितको सल्लाह पनि सरकारलाई दिन्छन्, तर राष्ट्रिय ढुकुटीको प्रसंग निकाल्दै सरकारले आफ्नो अडान कायम राख्छ । उता परिवार सञ्चालनको न्यूनतम खर्चको आँकडा वर्षैपिच्छे कैयौं गुणाले उकालो लाग्दा कर्मचारी तलबी भएर बस्न सक्दैनन् । कमिसन, घुसको खेलोमा कोही जानेरै लाग्छन् त कोही परिबन्धमा नराम्ररी फस्छन्, फसाइन्छन् ।

नेपाल यतिखेर बहुसंक्रमणमा गुज्रिरहेको छ । शासकीय/प्रशासनिक, राजनीतिक, कानुनी र संवैधानिकरूपमा देश नयाँ दिशातर्फ अग्रसर छ । पुराना नियम, मान्यता र व्यवहार निर्मूल भएका छैनन् र नयाँ व्यवस्था पनि दह्रो गरी स्थापित भइसकेको छैन । यसले गर्दा अन्योल हट्न बाँकी छ । एक किसिमको तरल समय छ । शासकीय अनियमिता र भ्रष्टाचार यस्तै तरलता र अन्योलतामा बढी फस्टाउँछन् । सरकार, संसद्, कर्मचारीतन्त्र र मिडियालगायतका निगरानी निकायले यो कुराको हेक्का राख्नु पर्दछ ।

देशमा तीन तहका सरकारसहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ । वि.सं. २०७२ मा ल्याइएको संविधानले यो नयाँ व्यवस्थाको जग बलियो बनाउन गतिलो कानुनी र संस्थागत आधारशीला प्रदान गरेको छ । तर, नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा रहेको स्थानीय तहमा भ्रष्टाचार मौलाएका खबर तथा प्रतिवेदन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र मिडियाले बेलाबेलामा प्रकाशन गरिरहेकै छन् । आखिर किन नियन्त्रण हुन सकेन भ्रष्टाचार ? स्पष्ट छ, जहाँ पैसाको लेनदेन हुन्छ, त्यहाँ भ्रष्टाचार पुग्छ । संघीय व्यवस्थासँगै स्थानीय सरकारले पनि ठूलो मात्रामा बजेट परिचालन गर्छ । स्थानीय सरकारमा भ्रष्टाचार बढेको प्रसंगलाई लिएर युवा समाजशास्त्री दिपेश घिमिरेले अध्ययन नै गरे, अनि मुलुकको संघीयकरणमा भ्रष्टाचारको विकेन्द्रकरण भयो भनी निष्कर्षसहित पुस्तक लेखे ।

कतिपयको तर्क छ भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्नुपर्छ । तर, स्पष्ट यो पनि छ कि जबसम्म व्यक्तिको भौतिक प्रगतिलाई सामाजिक प्रतिष्ठाको विषय बनाइरहिन्छ, भ्रष्टाचारीहरू सामाजिक बहिष्करणमा पर्दैनन् । त्यसैले होला, सामाजिक बहिष्करणको प्रयास कहीँ कतै व्यवहारमा देखिएको, सुनिएको छैन ।

नयाँ संविधान निर्माणपश्चात् नेपालले दोस्रोपटक आमचुनाव सम्पन्न गरिसकेको छ । निर्वाचनको अन्तिम परिणामसहितको प्रतिवेदन पनि निर्वाचन आयोगले राष्ट्रपति र प्रधानमन्त्रीलाई बुझाइसकेको छ । यससँगै नयाँ सरकार कुन-कुन दल मिलेर बनाउने भनी घनिभूत छलफल चलिरहेका छन् । जुनसुकै दलहरू मिलेर नयाँ सरकार निर्माण भए पनि सुशासन कायम गर्नु प्रथम जिम्मेवारी हो । यतिखेर राजनीतिक दलले बिर्सनै नहुने भनेको उनीहरूले निर्वाचनका बेला जनतामाझ जाँदा गरेका विकास र सुशासनका वाचा अर्थात् घोषणापत्रमा उल्लेखित विषयहरू ।

घोषणापत्रको कुरा गर्दा, नेपाली कांग्रेसले समावेशी लोकतन्त्रको पाँच आधारमध्ये ' प्रगति'लाई एउटा आधार बनाएको छ । असल शासनको निर्माणविना प्रगति कसरी सम्भव होला र यसले कसरी समावेशी लोकतन्त्रको जग निर्माण होला ? घोषणापत्रमा अव्यवस्थालाई सुव्यवस्थामा बदल्ने प्रतिबद्धतासहित कांग्रेस लेख्छ, 'जनसरोकार एवं सेवा प्रवाहसम्बन्धी तीनै तहका सरकारका कार्यालयमा हुँदै आएका विकृति-विसंगति, भ्रष्टाचार, ढिलासुस्ती र झण्झटिलो अवस्थाको अन्त्य गरी प्रभावकारी, कार्यमूलक र सेवामुखी बनाउँदै आधुनिक प्रविधिको प्रयोग गरी सरल, सहज र छिटोछरितो सेवा उपलब्ध गराउने छौं ।'

त्यसैगरी नेकपा एमालेले सुशासन पार्टीको उच्च प्राथमिकता भन्दै, 'अख्तियारको दुरूपयोग, राष्ट्रिय तथा सरकारी स्रोत साधनको दोहन र भ्रष्टाचारप्रति निर्मम, कठोर र शून्य सहनशीलताको नीति अपनाइनेछ । अनुगमन, अनुसन्धान र छानबिन कार्यलाई सशक्त बनाइनेछ । भ्रष्टाचार, अनियमितता, सरकारी सम्पत्तिको दुरूपयोग र अपचलन गर्ने जुनसुकै व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याइनेछ ।'

देशका दुई ठूला राजनीतिक दलका यी प्रतिबद्धताले पनि स्पष्ट पार्छ भ्रष्टाचार, अनियमिता, विसंगति, ढिलासुस्ती, सरकारी सम्पत्तिको दुरूपयोग हाम्रा व्यवस्थाका धम्बा हुन् । दलका प्रतिबद्धता सह्रानीय छन्, तर यिनीहरूको व्यावहारिक कार्यान्वयन गर्न राजनीतिक दल र सरकारको सक्रियता कस्तो हुने हो हेर्न बाँकी छ ।

राज्यकोष र सरकारी निकायको दोहनको कुरा गर्दा सन् २०१२ मा डचारोन एसेमोग्लु र जेम्स ए रोबिन्सनले लेखेको विश्वप्रसिद्ध पुस्तक 'ह्वाइ नेसन्स फेल : दि ओरिजिन अफ पावर, प्रोस्पेरिटी एण्ड पोभर्टी' (राष्ट्र किन असफल हुन्छन् : शक्ति, समृद्धि र गरिबीका कारण) को याद दिलाउँछ । उक्त पुस्तकमा विभिन्न देशको तुलनात्मक अध्ययन गर्दै लेखकद्वयले राज्यमा दोहनकारी सार्वजनिक तथा आर्थिक निकाय भए भनें राष्ट्र असफल हुन्छन् भनी तर्क गरेका छन् । भ्रष्टाचारले दोहनकारी संस्कार र संयन्त्रको निर्माण गर्ने भएकाले हामीले यी कुरा मनन गर्नैपर्छ ।

राजनीति केवल लिखित/मौखिक प्रतिबद्धताको खेल होइन न कि सपनाको महल । धरातलीय यथार्थविना न राजनीति चल्छ, न सरकार । यथार्थमा त हामीले भ्रष्टाचार उन्मूलन गर्नु नै छ । भ्रष्टाचार नेपाली शासन प्रणालीको नयाँ समस्या पक्कै होइन । तर, यसलाई जति बेवास्ता गरिन्छ, त्यत्तिकै झाँगिन्छ । भ्रष्टाचार उन्मूलन सुशासनको प्रत्याभूति मात्र नभई संघीयता सवलीकरणको कडी हो ।

यसका लागि राजनीतिक दल, नेता र कर्मचारीको इच्छाशक्ति र व्यवहारमै आमूल परिवर्तन आवश्यक छ । देश सञ्चालन गर्ने भूमिका उनीहरूको हुँदा राजनीति र कर्मचारीतन्त्रले बढी सच्चिनु जरुरी छ । तर भ्रष्टाचार केवल एक्लो प्रयासले निर्मूल हुने हैन, सामूहिक प्रयास कति अवलम्बन गरियो र कति प्रभावकारी भए भन्ने पनि हेर्नुपर्छ ।

भ्रष्टाचारका कारण राजनीतिक दल र कर्मचारीहरूमा मात्र होइन, सार्वजनिक निकायमा जनविश्वास खस्किन्छ। जनविश्वासको क्षयीकरणले व्यवस्थाको क्षयीकरणसँग प्रत्यक्ष सम्बन्ध राख्छ । सुशासन निर्माणका लागि राजनीतिक दल, कर्मचारीतन्त्र, नागरिक समाज, मिडिया र सचेत नागरिक सबैले आ-आफ्नो ठाउँबाट सामूहिक प्रयास राख्नुको विकल्प छैन । *रासस*

## पत्र-मञ्जुषा

### राज्य र समाजबाट अपहेलित सडक बालबालिका

नेपालमा बालश्रम उन्मूलनको कुरा धेरै गरियो । तर, बालश्रमको अझै पनि अन्त्य हुन सकेको छैन । कतिपय बालबालिकाहरू बालअधिकार पाउनबाट वञ्चित छन् । उपत्यकाका सडकमा मागेर खाने बालबालिकाको संख्या उल्लेखनीय छ । उपत्यकाबाहिरका जिल्लामा पनि अवस्था उही नै छ । सडकमै मागेर खाने, त्यही बस्ने र त्यही सुत्ने बालबालिकाहरू छ्याप्छ्याप्ती छ ।

इँट्टाभट्टा, होटल, रेस्टुरेण्ट, घरायसी कामकाजमा पनि बालबालिकाकै प्रयोग भइरहेको छ । त्यस्तै, मठमन्दिरमा पनि माग्न बस्ने बालबालिकाको संख्या धेरै छ । पशुपतिनाथ मन्दिरमा बालबालिका मात्रै नभई तिनका बाबुआमा, अपांग, ज्येष्ठ नागरिकहरू यत्तिकै माग्न बसेका हुन्छन् । कसैको हात छैन त कसैको खुट्टा । कोही दुधे बालक च्यापेर बसेका देखिन्छन् । चिसो सिँढीमा बसेर हात फैलाइरहेको दृश्य एकदमै दयनीय छ । कति बालबालिकाको बाबुआमा छैनन् ।

बाबुआमा गुमाइसकेका बालबालिकाहरू सडकमा छन् । कहींकतै सहारा नभएपछि उनीहरूले सडकलाई आफ्नो बासस्थान बनाएका छन् । अशिक्षा, गरिबी र बेरोजगारी व्यक्तिलाई सडकमा ल्याउनुको अर्को कारण हो । कतिपय घर निकाला भइसकेपछि सडकमा आएर जिन्दगी गुजिरहेका छन् । अधिकांश बूढाबूढी सडकमा आउनु यही नै हो । मानसिकता गुमाएका, उपचार नपाएका, आफ्नो खुट्टामा उभिएर केही गरेर खान्छु भन्ने क्षमता नभएकाहरू पनि त्यही भीडमा छन् ।

आफ्नो घरपरिवारबाट अपहेलित भएर, असहयोग भएर सडकमा आएका व्यक्तिहरूमाथि राज्यको आँखा पर्न सकेको छैन । माग्न बसेकाहरूलाई स्थानीय सरकारले समेत मतलब गर्दैन । न स्थानीयबासीहरूमा नै सहयोगको भावना जाग्छ । उनीहरू पनि देशका नागरिक हुन् । तर, राज्यले नै उनीमाथि अपहेलना गरिरहेको छ । खुला आकाशमुनि रात कटाउन बाध्य छन्, उनीहरू । सरकारले त्यस्ता नागरिकहरूका लागि खाना, बस्न, लगाउन, उपचारलगायत अति आवश्यक अधिकारहरू प्रदान गर्नुपर्ने हो ।

यिनीहरू नेपाली हुन्, तर उनीहरूसँग नागरिकता छैन । बुवाआमा बाटोमा भएका छोराछोरीले कहाँबाट जन्मदर्ता बनाउने ? स्थायी ठेगाना छैन । नागरिकता र जन्मदर्ता नहुँदा उनीहरू राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएका छन् । काठमाडौंमा तीन वटा घर हुनेहरू, महिनामा लाखौं रूपैयाँ भाडा उठाउनेले ज्येष्ठ नागरिक भत्ता लिइरहेका छन् । तिनका त छोराछोरी पनि सरकारी जागिरे छन् । यता, श्रीमान् नभए पनि सम्पत्ति भएका एकल महिलाहरूले समेत मासिक भत्ता बुझिरहेका छन् ।

छोराछोरी भने अमेरिका, अस्ट्रेलिया पुगेका छन् तर उनीहरू भत्ता लिन छोड्दैनन् । यता, सरकारी स्कुलमा पनि धनीकै छोराछोरी छात्रवृत्तिमा पढ्छन् । सरकारी कर्मचारीका छोराछोरीहरू छात्रवृत्तिको हकदार बनेका छन् । तर, सडकमा मागेर खानेको छोराछोरीले के पाए ? गरिबलाई भनेको छात्रवृत्तिमा धनीले रजाइँ गरिरहेका छन् । धनीहरू जहिले पनि गरिबको अधिकार खोस्छन् । उनीहरूको कारण गरिबका छोराछोरी स्कुल जान सकेका छैनन् । तीन वटा घर भएकालाई किन मासिक भत्ता चाहियो ?

त्यो भत्ता सडकमा मागेर खानेलाई दिँदा राम्रो हुन्थ्यो । धनीलाई छात्रवृत्ति दिनुको साटो गरिबलाई पढायो भने देशको साक्षरता दर बढ्थ्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सडक माग्नेमुक्त बनाउने घोषणा गरेका थिए । सडकमा मागेर खानेहरू शिक्षादीक्षा, उपचार, गाँस, बास, कपासको व्यवस्था गर्ने भनेर ठूलठूला कुरा गरे । पत्रपत्रिका, अनलाइनहरूले हेडलाइन समाचार बनाए । ओलीको फोटो पत्रिकाको पहिलो पृष्ठमा आयो । तर, ती गरिबले के पाए ?

आज पनि उनीहरू सडकमै गुजारा गरिरहेका छन् । माग्नेमुक्त सडक कुन जिल्लामा छ ? कुनै जिल्लाले मागेर खानेहरू व्यवस्थापन गर्न सकेको छ ? यसअघिका काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले पनि माग्नेहरूको नाममा नौटंकी देखाएर चर्चामा आएका थिए । केही दिन सडकमा बस्नेहरूलाई रातमा लगेर बासस्थानको व्यवस्थापन गरे । पछि फेरि उही अवस्था दोहोरियो । क्षणिक लोकप्रियताका लागि उनले मागेर खाने व्यक्तिहरूको प्रयोग गरे ।

सडकमा मागेर खानेको नाममा धेरै गीत बन्यो । फिल्म बन्यो । चलचित्र बनाउनेले कमाएर खाए । गीत गाउने कलाकारहरूले पनि आफ्नो कमाइखाने बाटो बनाए । कलाकारहरू उनीहरूको नाटक गरेर चर्चामा आए । तर, सडकमा बस्नेको समस्या त समाधान भएन । किनकि, कसैले उनीहरूलाई बुझ्न सकेनन् । राज्यबाट अपहेलित जनताको नाममा व्यापार भयो । सडकमा बस्नेको नाम लिएर राजनीतिक दलहरू सत्तामा पुगे । आफू सत्तामा पुगे तर उनीहरूको समस्या आज पनि जस्ताको त्यस्तै छ । गरिब बालबालिकाले न्याय कहिले पाउला त ? यो गम्भीर प्रश्न अनुत्तरित छ ।

- *अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# पोखरामा 'ल्याण्डफिल साइट' पुर्न सुरु

**कास्की–** पोखरा महानगरपालिकाले पोखरा-१४ बाच्छेबढुवामा रहेको 'ल्याण्डफिल साइट'मा फोहोरमैला फाल्न आइतबारदेखि बन्द गरेको छ । अंग्रेजी नयाँ वर्ष अर्थात् आगामी पुस १७ देखि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउने भएपछि महानगरले विमानस्थल नजिकै रहेको ल्याण्डफिल साइटमा फोहोरमैला लैजान बन्द गरेको हो ।

अहिले ल्याण्डफिल साइट पुर्ने काम सुरु भएको छ । पोखरा अन्तर ा्ष्ट्रिय विमानस्थल सञ्चालनका लागि एयरपोर्ट नजिकैको सो ल्याण्डफिल साइट मुख्य बाधक बनेको थियो । ल्याण्डफिल साइटका कारण विमानस्थल सञ्चालनमा ढिलाइ भएपछि महानगरले लामो समयदेखि फोहोरमैला व्यवस्थापनका लागि वैकल्पिक स्थानको खोजी गरे पनि सफल हुनसकेको छैन। विमानस्थलको अर्को अवरोधका रूपमा रहेको रिठेपानी डाँडा कटानको कामसमेत अहिले भइरहेको छ । सोही डाँडा कटानको माटो ल्याएर अहिले ल्याडफिल साइट पुर्न सुरु गरिएको हो । महानगरले ल्याण्डफिल साइटमा फोहोर लैजान बन्द गरेर त्यसलाई पुर्न सुरु गरिएको महानगर प्रमुख धनराज आचार्यले बताए । उनका अनुसार महानगरको फोहोरमैला व्यवस्थापनका लागि तत्कालका लागि वडामानै अल्पकालीन व्यवस्था मिलाइएको छ ।

'ल्याण्डफिल साइटमा आजदेखि फोहोर फालिने छैन । तत्कालका लागि फोहोर व्यवस्थापनका गर्न महानगरका विभिन्न वडामा अल्पकालीन व्यवस्था मिलाइएको छ,' प्रमुख आचार्यले आइतबार भने, 'फोहोरमैला व्यवस्थानका लागि केही ठाउँ हेरिएको छ भने त्यसपछि प्रशोधन केन्द्रसहितको व्यवस्थित ल्याण्डफिल साइट निर्माण गरिनेछ ।'

प्रशोधन केन्द्र स्थापनाका लागि हाल विभिन्न विकल्पमा छलफल भइरहेको महानगरले जनाएको छ । महानगरले छिमेकीमुलुक भारतसहित देशभित्रका विभिन्न स्थानमा पुगेर फोहोर व्यवस्थापनका उपायका बारेमा जानकारी लिएको थियो । लामो समयदेखि विमानस्थल सञ्चालनका अवरोधका रूपमा रहेका रिठेपानी डाँडा कटान र ल्याण्डफिल साइट हटाउने काम भएपछि तोकिएकै मितिमा अन्तर ा्ष्ट्रिय विमानस्थल सञ्चालनमा आउने विश्वास गरिएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका प्रवक्ता अनुप जोशीले विमानस्थल सञ्चालनका लागि आवश्यक काम भइरहेको जानकारी दिए । उनले ४० मिटर अग्लो रिठेपानी डाँडा १४ मिटर काटिसकिएको र बाँकी अवधिमा सबै काम सम्पन्न हुने र ल्याण्डफिल साइट हटेसँगै उडानमा थप सुनिश्चितता भएको बताए ।

पोखरा विमानस्थल चिनियाँ कम्पनी सिएएमसिइले निर्माण गरेको हो । यसअघि गतवर्ष चीनका विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणका अवसरमा विमानस्थल नेपाललाई हस्तान्तरण गरिएको थियो । त्यसबेलमा विमानस्थलको केही काम सम्पन्न हुन बाँकी थियो ।

चीनको एक्जिम बैंकको २२ अर्ब रूपैयाँ सहुलियतपूर्ण ऋण र अनुदान सहयोगमा विमानस्थल निर्माण गरिएको हो । विमानस्थलका लागि वि.सं. २०३२ मा जमिन अधिग्रहण गरिए पनि चार दशकपछि निर्माण सुरु भएको थियो । २०७३ मा विमानस्थलको शिलान्यास गरिएकोमा २०७४ देखि निर्माण कार्य सुरु भएको हो । रासस

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रकाशित मिति:-२०७९/०९/०४)

यस पालुवा सामुदायिक वन उपभोक्ता समुह कमलामाई नपा–१ सिन्धुलीबाट व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्न सहमति दिईएको विभिन्न लट, विभिन्न अवस्थाका साल लगाएत विभिन्न जातका ७० थानको कुल १३०१.०४ क्युफिट गोलिया काठ लिलाम बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित ,सरोकारवाला सबैले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र र सो दिन विदा परेमा भोलिपल्ट समेत नियम पूर्वक निवेदन (बोलपत्र) पेश गर्न जानकारी गराईन्छ । थप जानकारीकालागि समूहसंग सम्पर्क गर्न सकिने छ ।

**श्री पालुवा सामुदायिक वन उपभोक्ता समुह**
**कमलामाई नपा –१, सिन्धुली**

## तु: सम्पर्कमा आउन अनुरोध

### ३५ दिने सूचना

प्रकाशित मिति : २०७९।०९।०४

तपाई श्री राजु थापा ललितपुर महानगरपालिका वडा नं. २८, हरिसिद्धिमा रेड स्टार हार्डवेयर एण्ड सप्लायर्स व्यवसायको लागि २०७७।१०।०१ गतेदेखि सटर भाडामा लिई व्यवसाय सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७८।०४।०१ गतेदेखि सम्पर्क विहीन रहनुभएको तथा पटक पटक सम्पर्क गर्दा समेत बेवास्ता गर्नुभएको साथै सटरसमेत बन्द गरी बिना जानकारी सम्पर्कमा नआउनुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पर्क गर्नुहुन हार्दिक अनुरोध छ अन्यथा हामी कानुनी प्रक्रियामा जान बाध्य हुने छौं ।

| सटरधनीको नाम | सम्पर्क गर्न आउने व्यक्ति |
|---|---|
| जय प्रकाश बुढाथोकी<br>ठेगाना : ललितपुर म.न.पा.-२८<br>सम्पर्क : ९८१०१३९७०० | नाम : राजु थापा<br>सम्पर्क : ९८५१११७०९७ |

## ओरिजिनल सर्टिफिकेट हराएको सूचना

मिति **2079-07-17** गते कलंकी देखि त्रिपुरेश्वर सम्म जाँदा मेरो निम्न व्हहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन र +2 Level सर्टिफिकेट हराएको हँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Subash Thagunna
ठेगाना : Naugad-01,Darchula, Nepal
( Kalanki-14, Kathmandu)
रजिष्ट्रेशन नं.77710544E
सिम्वोल नं. 27102185
फोन :9749806090

## बिमालेख हरायो

मिति २०७९/०५/२० गते, रामेछापदेखि काठमाडौं जाने क्रममा मेरो निम्न व्हहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : श्री कृष्ण बहादुर पहरी
बिमालेख नं : १५२०००२८८
(नेपाल लाइफ इन्स्योरेन्स, शाखा कार्यालय मन्थली)
ठेगाना : सुनापती गा.पा.-२, रामेछाप
सम्पर्क नं : ९८४१०२४६५१/९८५४०४३५१६/९८६४९९८१२८

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL KOUT BEACH HOTEL.**

पूर्व स्वीकृति मिति : २०७८/०७/२८ | पून विज्ञापन स्वीकृति मिति : २०७९/०९/०३ | LT. No. :250154 | चलानी नं.६०१७२९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 3 | 0 | 120 | ५१,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis Ii | 2 | 0 | 150 | ६४,८६५ | | | | | | | |
| 3 | Demi Chef De Partie (Cook) | 2 | 0 | 190 | ८२,१६० | | | | | | | |
| 4 | Housekeeping Room Attendant | 3 | 2 | 110 | ४७,५६५ | | | | | | | |
| 5 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६४,८६५ | | | | | | | |
| 6 | Kitchen Stewards | 5 | 0 | 120 | ५१,८९० | | | | | | | |
| 7 | Laundry Attendant | 4 | 0 | 120 | ५१,८९० | | | | | | | |
| 8 | Pastry Baker | 2 | 0 | 160 | ६९,१९० | | | | | | | |
| 9 | Pastry Chef De Partie | 2 | 0 | 190 | ८२,१६० | | | | | | | |
| 10 | Tailor | 2 | 0 | 130 | ५६,२१५ | | | | | | | |
| 11 | Technician | 1 | 0 | 160 | ६९,१९० | | | | | | | |
| 12 | Waiter | 5 | 5 | 120 | ५१,८९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **UTILITY NETWORK SOLUTIONS CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०७९/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०३ | LT. No. 276794 | चलानी नं. ६०१९२३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १० गते (25th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JIA FANG TEXTILE INDUSTRIES**

पूर्व स्वीकृति मिति २०७९/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०३ | LT. No. 269470 | चलानी नं. ६०१८५३१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 60 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **METRO SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०३ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **LIAN FOO POULTRY FARM SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०३ | LT. No. 276027 | चलानी नं. ६०१९२०३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 25 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

"पर्यटकीय नगरी"

## सूर्योदय नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

फिक्कल, ईलाम
१ नं.प्रदेश, नेपाल

### सीलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०४)**

यस कार्यालयबाट तपसिल बमोजिमको निर्माण कार्यको लागि मिति २०७९/०७/०६ मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका सीलबन्दी बोलपत्रहरू मध्ये तपसीलमा उल्लेख भएको बोलपत्र न्युन मुल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसील**

| Contract ID: | Description of Work : | Lowest Evaluated Substantially Responsive Bidder's Name and Address: | Bid Price in NRs. (Including VAT and PS) : |
|---|---|---|---|
| SUMO/ ILAM/NCB/ WORKS22-079/080 | Landscaping Works at Tea Testing and Promotional Center | Suryodaya/Falgunanda- JV, Sinamangal, Kathmandu | 21,405,905.44 |

## प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड

PRABHU CABLE CAR & TOURISM LIMITED

का.जि.का.म.न.पा-३१, काठमाडौं

### सेयर बापतको रकम भुक्तानी गर्न सेयरधनीको नाममा जारी गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: पौष ०४, २०७९**

**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड** कम्पनीको मिति पौष ३, २०७९ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थापक सेयरधनीले लिन कबुल गरेको सेयर पूँजीको १००% प्रतिशतले हुन आउने सेयर बापतको रकम कम्पनीको प्रभु बैंक लिमिटेड कोटेश्वर शाखाको चल्ती खाता नं.११५०१५३५६२१०००१५ मा ३० दिनभित्र दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (२) बमोजिम अनुरोध गरिन्छ ।

**संचालक समिति**
**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MEDICFIT TECHNOLOGY SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०३ | LT. No. 271186 | चलानी नं.६०१८७०८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **L & T HYDROCARBON SAUDI COMPANY**

पूर्व स्वीकृति मिति : २०७९/०८/२० | LT. No. 277148 | चलानी नं. ६०१९३४६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 96 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MARSA ARABIA RESORT (AL FARDAN HOTELS & RESORTS)**

पूर्व स्वीकृति मिति २०७९/०६/२७ | LT. No.273686 | चलानी नं. ६०१९३४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Services (Chef De Partie) | 1 | 0 | 4200 | १५३,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Services (Commis) | 1 | 0 | 2200 | ८०,३२५ | | | | | | | |
| 3 | Hotel Services (Demi Chef De Partie) | 1 | 0 | 3500 | १२७,७९० | | | | | | | |
| 4 | Hotel Services (Stewarding Associate) | 2 | 0 | 1800 | ६५,७२० | | | | | | | |
| 5 | Hotel Services (Sushi Chef) | 1 | 0 | 5000 | १८२,५६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४
**Leading Foreign Recruitment Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SULAIMAN MANSOUR AL-JERAIJEER CONTRACTING & MAINT. EST**

पूर्व स्वीकृति मिति २०७९/०९/०३ | LT. No. : 277895 | चलानी नं. ६०१९३४६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 6 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.** श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KHEL AL MADA INDUSTRY COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०३ | LT. No. 275967 | चलानी नं. ६०१९२४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee | 1 | 0 | 1200 | ४२,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

# प्रभाव दैनिक

सोमबार, ४ पुस २०७९ (Monday, December 19, 2022)


रूपशाला

## 'मेरा बीज अक्षरहरू' सार्वजनिक

इञ्जिनियर डा हेमनाथ घिमिरेको सातौँ कृति 'मेरा बीज अक्षरहरू' कविता संग्रह सार्वजनिक भएको छ। संग्रहमा गद्यशैलीका ३१ वटा कविता छन्। बङ्गलादेशको पद्मा नदीमा छ किमी लामो पुल बनाउन योगदान गर्नेमध्येका इञ्जिनियर घिमिरेका यसअघि 'छातीभित्र देश दुख्दा' (२०६०) कविता सङ्ग्रह, 'देशको माटो' (२०७४) कविता सङ्ग्रह, गीतहरूको एल्बम, 'बादलपानी' (२०७८) बाल कविता सङ्ग्रह, 'महिना र ऋतु' (२०७८) बाल कविता सङ्ग्रह, 'रङ्गीन कालो' (२०७९) कविता सङ्ग्रह प्रकाशित भइसकेका छन्।



## ५१ औं दिनमा महापुरूषको केक



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रदीप भट्टराई निर्देशित फिल्म 'महापुरूष' ले प्रदर्शनको ५१ औं दिन पूरा गरेको छ। प्रदर्शनको आठौं हप्तामा प्रवेश गरेको फिल्मले शनिबार काठमाडौंसहित मोफसलका केही हलहरूमा प्रदर्शनको ५१ औं दिन पार गरेको हो।

मल्टिप्लेक्स चेन क्युएफएक्स, कमलपोखरीस्थित बिग मुभिज, जमलस्थित विश्वज्योति सिनेप्लेक्स, गोंगबुस्थित बिएसआर मुभिज, किर्तिपुरस्थित सिनेप्लेक्स, न्युरोडस्थित रञ्जना सिनेप्लेक्स, सुन्धारास्थित सिनेडी सेफ, चाबहिलस्थित एफक्युब, बानेश्वरमा र कालिमाटीमा रहेको वान सिनेमाज र आइएनआइ सिनेमाजअन्तर्गत लोत्से मलमा प्रदर्शनको ५१ औं दिन पूरा भएको छ। यो फिल्म घरेलु बक्स अफिसमा १० करोडभन्दा बढी कमाइ गरेको छ। ५१ औं दिन पुगेको अवसरमा निर्माण टिमले केक काट्दै सेलिब्रेसन गरेका छन्।

'मसँगै फिल्मकर्मीलाई सामाजिक सन्देश भन्न समेत उर्जा मिलेको छ। यसले नेपालसँगै अमेरिकाको डलासमा समेत ५१ औं दिन पूरा गरेको छ,' निर्देशक भट्टराईले भने।

भट्टराईको डेब्यु फिल्म ' जात्रा'सँगै 'शत्रु गते' र 'जात्रै जात्रा'ले समेत ५१ औं दिन पार गरेको थियो। उनी लगातार चौथोपटक दर्शकसँगै घरेलु बक्स अफिसमा सफल निर्देशक बनेका छन्।

सामाजिक विषयवस्तुमा आधारित फिल्म 'महापुरूष' मा मदनकृष्ण र हरिवंशसँगै गौरी मल्ल, रविन्द्र सिंह बानियाँ, अरूण क्षेत्री, अन्जना बराइली, राजाराम पौडेल, शिखा तामाङ, कोपिला थापा, शिरु विष्ट, कविता श्रेष्ठ, नरेन्द्र कंसाकार, सविन बाँस्तोला, नरेश पौड्याल, प्रेम पाण्डे, सुमन रिमाल, माधव अधिकारी, प्रकाश भट्टराई, घनश्याम जोशी, अर्जुन आचार्य, प्रज्वल लुइँटेललगायत कलाकारको अभिनय छ।

## तीन रियालिटी शो ल्याउँदै स्पेस फोर के

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्पेस फोर के टेलिभिजनले एकसाथ तीन वटा रियालिटी शो घोषणा गरेको छ। राजधानीमा एक कार्यक्रमका बीच घोषणा भएका कार्यक्रममा बालबालिकाको नृत्य शो 'जस्ट डान्स लिटिल मास्टर्स', युवाको लागि गायनमा 'र्‍याप स्टार' र डेटिङ गेम शो 'फस्ट डेट' रहेको छ। कार्यक्रममा तीनवटै रियालिटी शोको टिजर र त्यसको अवधारणा सार्वजनिक गरियो।

र्‍याप स्टारको निर्णायकमा चर्चित र्‍यापर गिरिश खतिवडा, सन्दिप बिस्ट अर्थात् मिस्टर डी र अभिजित भण्डारी एजे रहेका छन्। त्यसैगरी, जस्ट डान्स लिटिल मास्टर्समा नायिका सञ्चिता लुईटेल, कोरियोग्राफर प्रदीप लामा, वलिउडमा काम गरेर चर्चा कमाएका हिपहप डान्सर प्रकाश बिके रहेका छन्, भने फस्ट डेटका




क्रियटर तथा प्रोजेक्ट हेड रेमन्ड दास श्रेष्ठ, क्रियटिभ हेड सन्जीपलगायत छन्। कार्यक्रममा स्पेस फोर के टेलिभिजनका अध्यक्ष डा. दिनेशकुमार शाहीले नेपाली समाजमा लुकेर रहेका प्रतिभा क्षमतालाई अन्वेषण गर्ने र त्यस्ता क्षमतालाई स्थापित गरेर देशमा सकारात्मक सन्देश फैलाउन रियालिटी शो ल्याइएको बताए।

कार्यक्रममा जस्ट डान्स लिटिल मास्टरर्सका निर्णायक तथा नायिका सञ्चिता लुइटेलले बच्चाको बालमनोविज्ञानमा आधारित भएर बालबालिकामा रहेको क्षमतालाई प्रस्फुटन गर्न यो शोले महत्वपूर्ण योगदान गर्ने बताइन्।

प्रेमिल जोडीहरूमा आधारित भएर निर्माण गरिएको डेटिङ रियालिटि शो फस्ट डेटले दर्शकलाई मनोरञ्जन दिनुका साथै सपरिवार हेर्न मिल्ने गरी सभ्य तरिकाले निर्माण गरिने सर्जक रेमन दास श्रेष्ठले बताए। डेटिङ रियालिटी सो फस्ट डेट यही १४ फेब्रुअरी आर्थात प्रणय दिवसलाई लक्षित गरेर ल्याउँदै छन्, भने डान्स रियालिटि सो जस्ट डान्स लीटिल मास्टर्स आउँदो वैशाखबाट प्रशारण हुनेछ। सिंगिङ रियालिटी सो र्‍याप स्टार पुस महिनादेखि स्पेस फोर के टेलिभिजनबाट प्रसारण हुने जनाइएको छ।

## मानवअधिकार चलचित्र महोत्सव सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** सामाजिक न्याय र मानवअधिकारलाई प्रश्रय गर्ने उद्देश्यले 'नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' को १०औं संस्करण आइतबारदेखि सुरु भएको छ। मानव अधिकार चलचित्र केन्द्रको आयोजनामा काठमाडौंस्थित नेपाल पर्यटन बोर्डको हलमा हुन लागेको उक्त महोत्सव यही पुस ६ गतेसम्म चल्ने छ। 'जलवायु परिवर्तन र पर्यावरण न्याय' नारासहित आयोजना हुने सो महोत्सवको उद्घाटनका अवसरमा शान्ता नेपालीद्वारा निर्देशित वृत्तचित्र 'क्लाइमिङ ट्याम्प्रेचर्स, टप अफ द वर्ल्ड' र समापन समारोहमा दीपक रौनियारद्वारा निर्देशित 'फोर नाइट्स' देखाइनेछ।

विश्वभरीबाट खुल्ला आवेदनमार्फत सङ्कलन गरिएका नेपालसहित २५ देशका ६४ चलचित्र, वृत्तचित्रलगायत महोत्सवमा देखाइने छन्। नेपालबाट निर्देशक अभिनाश विक्रम शाह, भातरबाट लेखक तथा निर्देशक अनिर्वाण भट्टाचार्य, कोरियाबाट मानव अधिकार अभियन्ता तथा महोत्सव निर्देशक सु-ली दिलबर र इजरायलबाट लेखक तथा निर्देशक ओश्रा स्वार्ज रेम जुरीको रूपमा छन्।

## लिटरचेर फेस्टिभल ६ पुसदेखि

**काठमाडौं (प्रस)–** नेपाल लिटरचेर फेस्टिभलको दशौं संस्करण यही पुस ६ देखि ११ गतेसम्म हुने भएको छ। आयोजक संस्था बुकवर्म फाउन्डेसनले शनिबार पोखरामा पत्रकार सम्मेलन गर्दै बाराहीघाट, लेकसाइड पोखरामा फेस्टिभल हुने जानकारी दिएको हो।

यस वर्ष फेस्टिभलको सहआयोजक गण्डकी प्रज्ञा-प्रतिष्ठान छ। यसैगरी प्रवर्द्धकमा पोखरा महानगरपालिका र सहयोगी संस्थाका रूपमा पोखरा प्रज्ञा-प्रतिष्ठान रहेको बुकवर्मले जनाएको छ। अघिल्ला संस्करणझैं फेस्टिभलमा यस वर्ष पनि देशविदेशका करिब दुई सय साहित्यकार, राजनीतिज्ञ, लेखक, पत्रकार, कलाकार, सम्पादक लगायतको उपस्थिति रहनेछ। त्यस्तै ५० भन्दा बढी सेसन, सांगीतिक साँझ र थप रोचक सामग्री समावेश गरिनेछ।

यसपालि फेस्टिभलमा सन् २०२२ का बुकर पुरस्कार विजेता श्रीलंकाली लेखक सेहान करूणातिलका, लेखक एवम् पत्रकार अक्षय मुकुल, सह-प्राध्यापक एवम् लेखक सुकेतु मेहता, लेखक एवम् फिल्म निर्माता सवा करिम खान, लेखक श्रेयना भट्टाचार्य लगायत अन्तर्राष्ट्रिय रूपमा चर्चित व्यक्तिहरूको सहभागिता हुँदैछ।

त्यस्तै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, नेताहरू गगन थापा, विश्वप्रकाश शर्मा, सिके राउत, गभर्नर महाप्रसाद अधिकारी, डा. भगवान कोइराला, मास्टरसेफ सन्तोष साह, पत्रकार एवम् लेखक विजय कुमार, लेखक सम्राट उपाध्याय, बुद्धिसागर, सुबिन भट्टराई, संगीतकर्मी रञ्जित गजमेर, अभिनेत्री स्वस्तिमा खड्का, पत्रकार रमा सिंह, गायिका झुमा लिम्बू लगायतको सहभागिता रहनेछ। साथै यस वर्ष फरक क्षमता भई अब्बल रहेको व्यक्तिहरू, दार्चुला, गोरखा, मनाङका स्थानीय जन-प्रतिनिधिहरूको पनि उपस्थिति रहनेछ।

फेस्टिभलमा हरेक दिन सांगीतिक प्रस्तुति हुनेछ। पूर्व सन्ध्यामा कवि नवराज पराजुली र उज्ज्वल सागरको प्रस्तुति छ भने पहिलो दिन गोपाल योञ्जनको सम्झनामा गोपालय सांगीतिक प्रस्तुति छ। गोपालय गीतकार, गायक तथा संगीतकार गोपाल योञ्जनको स्वर्गारोहणको २५ वर्षमा उनीप्रति फेस्टिभलको सम्मान हो।

यस्तै गण्डकी प्रज्ञा प्रतिष्ठानको सहकार्यमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा आधुनिक संगीतमा सय वर्ष, अनिल शाही र उनको समूहको विशेष सांगितिक प्रस्तुति र रैथानेको प्रस्तुति छ। फेस्टिभलको अन्तिम दिन प्रदीप रोदनको महफिल रहने छ।

फेस्टिभलमा शिक्षाका ३ सत्रहरू छन्। चार दिन बिहान ९ बजेदेखि १०:३० बजेसम्म कक्षा ९ देखि १२ सम्मका बालबालिकाका लागि वक्तृत्वकला प्रतियोगिताको कार्यक्रम पनि हुनेछ।

'शब्दशक्ति उत्सवको एक दशक' नारा रहेको दशौं संस्करणको फेस्टिभलको उद्घाटन सत्रमा अर्थशास्त्री एवं काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार अच्युत वाग्लेले 'नेपाल २०९०' शीर्षकमा प्रवचन दिने कार्यक्रम छ।

रंगशाला

### विश्वकप फुटबल प्रतियोगिता:

## क्रोएसिया तेस्रो




■ प्रभाव संवाददाता

**काठमाडौं–** मोरक्कोलाई २-१ ले पराजित गर्दै क्रोएसियाले कतार फिफा विश्वकप २०२२ मा तेस्रो स्थान हासिल गरेको छ।

शनिबार खलिफा अन्तर्राष्ट्रिय मैदानमा भएको खेलमा क्रोएसियालाई जित दिलाउन जोस्को जिभार्डिओल र मिस्लाभ ओर्सिचले एक एक गोल गरे। मोरक्कोको लागि अचराफ डारीले एक गोल फर्काए।

पहिलो हाफको ९ मिनेटमै दुई गोल हुँदा खेल रोमाञ्चक अवस्थामा पुगेको थियो। तर, पहिलो हाफमा तीन गोल भएपनि दोस्रो हाफमा थप गोल हुन सकेन।

खेलको सातौं मिनेटमा जोस्कोले गोल गर्दै क्रोएसियालाई सुरुवाती अग्रता दिलाएका थिए। इभान पेरिसिकको पासलाई जोस्कोले हेड गोल गरे। पहिलो गोल भएको दुई मिनेट पछि नै अचराफले हेडमार्फत बराबरी गोल गरेका थिए। ४२औं मिनेटमा ओर्सिचले गोल गर्दै खेलमा क्रोएसियालाई विजयी बाटो डोऱ्याएका थिए। जितसँगै सन् २०१८ को उपविजेता क्रोएसियाले कतार विश्वकपमा तेस्रो स्थानमै चित्त बुझाएको छ। पहिलो पटक सेमिफाइनल पुग्ने अफ्रिकन राष्ट्र बनेको मोरक्को चौथो स्थानमा रह्यो।

आइतबार हुने फाइनलमा खेलमा दुई पटका च्याम्पियन अर्जेन्टिना र फ्रान्सबीच प्रतिस्पर्धा हुनेछ। लुसेल मैदानमा हुने खेलमा पौने ९ बजे हुने तालिका छ।

### विश्वकप विजेताले कति पाउँछन् ?

कतार फिफा विश्वकप २०२२ को फाइनल सम्पन्न भयो । यस जितसँगै विजयी हुनेले ठूलो आर्थिक पुरस्कार रकम समेत प्राप्त गर्छन्। विश्वकपमा झन्डै ४४ करोड डलर पुरस्कारका छुट्ट्याइएको छ।

विजेताले ४ करोड २० लाख डलर पाउने फिफाले जनाएको छ। यसैगरी उपविजेताले ३ करोड डलर, तेस्रो हुनेले २ करोड ७० लाख डलर र चौथो हुनेले २ करोड ५० लाख डलर प्राप्त गर्ने छन्। क्वार्टरफाइनलसम्म पुग्ने टोलीले १ करोड ७० लाख डलर, अन्तिम १६ सम्म पुग्ने टोलीले १ करोड ३० लाख डलर र समूह चरणबाटै बाहिरिनेले बाँकी १६ टोलीले ९० लाख डलर पाउनेछन्।

नेपाल टी–२० लिग

## लुम्बिनी अलस्टारमा उन्मुक्त चन्द

**काठमाडौं (प्रस)–** नेपाल टी-ट्वान्टी लिग क्रिकेटको फ्रेन्चाईज टोली लुम्बिनी अल स्टारले विश्वकप बिजेता भारतीय खेलाडीलाई अनुबन्ध गरेको छ।

लुम्बिनीले आइतबार भारतका लागि यू-१९ विश्वकप जिताउन सफल कप्तान उन्मुक्त चन्दलाई अनुबन्ध गरिएको जनाएको छ।

२९ वर्षीय चन्दले २०१२ मा अष्ट्रेलियामा आयोजना भएको यू-१९ विश्वकपमा भारतलाई च्याम्पियन बनाएका थिए। चन्द बीबीएल खेल्ने पहिलो भारतीय खेलाडी समेत हुन्। 'उनको घरेलु र फ्रेन्चाइज क्रिकेट अनुभव हाम्रो टीमको लागि अमूल्य हुनेछ। र हामी उनलाई धेरै प्रतिक्षा गर्न सक्दैनौं,' लुम्बिनीले चन्दका बारेमा भनेको छ।

लुम्बिनीले यस अघि दक्षिण अफ्रिकाका क्रिकेटर क्लाउड भान शाल्विक तथा आयरल्याण्डका क्रिकेटर ह्यारी टेक्टरलाई अनुबन्ध गरेको थियो। पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिग पुस ८ गतेबाट सुरु हुनेछ।लुम्बिनीको पहिलो खेल ८ गते नै फार वेस्टर्न युनाईटेडसँग रहेको छ। दीपेन्द्र सिंह ऐरी लुम्बिनीको मार्की खेलाडी रहेका छन्।

लुम्बिनीमा ऐरीका अलावा कुशल भुर्तेल,सागर ढकाल,अनिल कुमार शाह,गुल्सन कुमार झा,किशोर महतो,तिलक राज भण्डारी,योगेन्द्र सिंह कार्की,सुनिल धमला,इशान पाण्डे तथा आकाश चन्द लगायत नेपाली खेलाडी रहेका छन्। ६ टोली सहभागी यस प्रतियोगिता डबल राउण्ड रोविनको आधारमा हुनेछ । प्रतियोगिताको फाईनल खेल भने पुस २६ मा रहेको छ।

## भलिबल र बिच भलिबल खेलाडीको बिदाइ

**काठमाडौं (प्रस)–** नेपाल भलिबल संघले यू-२३ पुरुष भलिबल टिम र बिच भलिबल टिमलाई बिदाइ गरेको छ। संघले बंगलादेशमा आयोजना हुने पहिलो संस्करणको बंगबन्धु एसियन यू-२३ सेन्ट्रल एसियन जोन अन्तराष्ट्रिय पुरुष भलिबल च्याम्पियनसिप र सीएभीए बिच भलिबल खेल्ने नेपाली टोलीलाई आइतबार बिदाइ गरेको हो।

राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ, संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द लगायतले नेपाली टोलीलाई बिदाइ गरे।

यू-२३ एसियन जोन च्याम्पियनसिप ढाकामा डिसेम्बर २० देखि २६ सम्म आयोजना हुनेछ। च्याम्पियनसिपमा नेपाल, आयोजक बंगलादेशसहित कीर्गिस्तान र श्रीलंकाको सहभागीता रहेको छ। नेपालले बंगलादेशसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ।


स्वामीकार्तिक खापर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुइजिउला वाई ,बाजुरा

सुदुरपश्चिम प्रदेश, नेपाल

जनहितमा जारी सन्देश

चिसो सिजन सुरू भईसकेकोले निम कुरामा ख्याल गरौं।

देशका विभिन्न ठाउँ संगै बाजुरामा पनि चिसो बढिरहेको छ। यो समयमा वृद्धवृद्धा तथा वालवालिकामा यसको प्रभाव अझ बढि हुन्छ। त्यसैले यसबाट जोगिन निम्न कुरामा ध्यान दिनु आवश्यक छ।

१ चिसो सिजनमा अनावश्यक घर भन्दा बाहिर ननिस्कीने।

२ निस्कीने परे बाग्लो कपडाको सधैं प्रयोग गर्ने।

३ यो सिजनामा वृद्धवृद्धा र बालवालिकाको विशेष ध्यान दिने।

४ दम, मुट्टुरोग र छाति सम्वन्धि लगायत अन्य दिर्घरोगीका विरामीले चिसो बाट जोगिने।

५ सधैं जसो पानी उमालेर मात्रै पिउने।

६ बासि सडेगलेका खानेकुरा नखाने।

अमर बहादुर रोकाया

नि.प्रमुख प्रशासकिय अधिकृत

# अमेरिका चीनसँग द्वन्द्व चाहँदैन : किर्बी



वासिंटन- अमेरिकी राष्ट्रिय सुरक्षा परिषद् (एनएससी) का रणनीतिक सञ्चार संयोजक जोन किर्बीले चीनसँगको सुरक्षा चुनौती स्वीकार्दै वासिंटनले बेइजिङसँग द्वन्द्व नचाहेको बताएका छन् ।

किर्बीले अमेरिकी प्रसारण संस्था भ्वाइस अफ अमेरिका (भिओए) लाई दिएको अन्तर्वार्तामा भने, 'चीनले पनि विश्वको सुरक्षा वातावरणमा परिवर्तन ल्याउँदै आएको छ । आजभोलि, हामी चीनलाई रणनीतिक प्रतिस्पर्धीको रूपमा हेर्छौं भन्ने चर्चा सुनिन्छ तर हामी चीनसँग द्वन्द्व होस् भन्ने चाहँदैनौं ।'

वासिंटन र बेइजिङबीचको प्रतिस्पर्धालाई व्यवस्थित गर्न अमेरिकी विदेश मन्त्रालयले नयाँ 'अफिस अफ चाइना कोअर्डिनेसन' स्थापनापछि ह्वाइट हाउसका अधिकारीले चीनबारे संयोजक किर्बीले यस्तो टिप्पणी गरेका हुन् । उनले भने, 'यद्यपि अमेरिकाले सन् २०२२ मा सूचनाको वातावरणमा चीनले खडा गरेको सुरक्षा चुनौतीका लागि तयार रहने ताइवानमा हालैका गतिविधिका कारण ताइवानसँगको सम्बन्धलाई सामान्य बनाउने प्रयास पनि समावेश छ ।'

शुक्रबार अमेरिकी विदेशमन्त्री एन्टोनी जे ब्लिन्केनले अफिस अफ चाइना कोअर्डिनेसनको उद्घाटनको अध्यक्षता गरेका थिए । चाइना हाउसले जनवादी गणतन्त्र चीनसँगको अमेरिकी प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न तथा खुला, समावेशी अन्तर्राष्ट्रिय प्रणालीका लागि अमेरिकी दृष्टिकोणलाई अगाडि बढाउन सक्षम भएको सुनिश्चित गर्ने विश्वास उनले व्यक्त गरे ।

विदेश मन्त्रालयले निकालेको विज्ञप्तिमा भनिएको छ, 'चाइना हाउसले सुरक्षा, आर्थिक, प्राविधिक, कूटनीतिक र रणनीतिक मुद्दाहरूमा काम गर्न विदेश मन्त्रालयभरिका चिनियाँ विशेषज्ञहरूको एक समूहलाई एकसाथ भेला गर्नेछ । सुधारिएको समन्वयले विदेश मन्त्रालयको नीतिलाई अझ सुसंगत बनाउने र अमेरिकालाई सहयोगी र साझेदारहरूसँग अझ गहिरो रूपमा संलग्न हुन अझ राम्रो स्थितिमा पुऱ्याउनेछ ।'

विदेश मन्त्रालयका प्रमुख उपप्रवक्ता वेदान्त पटेलले बिहीबार आयोजित पत्रकार सम्मेलनमा बाइडेन प्रशासनले चीनसँग रणनीतिक प्रतिस्पर्धाको अवस्था र दायरालाई अमेरिकाले मान्यता दिएकाले चाइना हाउस सुरु गरेको बताए । 'चाइना हाउस विदेशमन्त्री ब्लिन्केनको आधुनिकीकरणको 'एजेण्डा'को प्रमुख हिस्सा हो, यसले हाम्रा कूटनीतिज्ञहरूलाई २१औं शताब्दीका चुनौतीको सामना गर्न मद्दत गर्नेछ,' उनले भने ।

मे महिनाको सुरुमा ब्लिन्केनले चाइना हाउस निर्माण गर्ने घोषणा गरेका थिए । उक्त हाउसले मन्त्रालयव्यापीरूपमा एकीकृत ढंगले काम गर्ने विदेशमन्त्रीले बताएका थिए । उक्त हाउसले मुद्दाहरू र क्षेत्रहरूमा अमेरिकी नीतिको समन्वय र कार्यान्वयन गर्नेछ ।

उनले भने, 'म विदेश मन्त्रालय र हाम्रा कूटनीतिज्ञहरूलाई मेरो आधुनिकीकरणको एजेण्डाको एक भागको रूपमा यस चुनौतीको सामना गर्न आवश्यक उपकरणहरू दिन कटिबद्ध छु । यसमा चाइना हाउसको निर्माण पनि समावेश छ । यसले सम्बन्धित मुद्दा र क्षेत्रहरूमा अमेरिकी नीति समन्वय र कार्यान्वयन गर्नेछ र आवश्यकताअनुसार अमेरिकी संसद्सँग काम गर्नेछ ।' *रासस/सिन्ह्वा*

# उत्तर कोरियाद्वारा पूर्वी समुद्रमा दुई ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार



**सियोल-** प्योङयाङले नयाँ हतियार प्रणालीका लागि ठोस इन्धन प्रयोग गर्ने मोटरको सफल परीक्षण गरेको बताएको केही दिनपछि आइतबार दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ ।

प्योङयाङले गत महिना अहिलेसम्मकै अत्याधुनिक अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपणसहित अभूतपूर्व हतियार परीक्षण गरेपछि कोरियाली प्रायद्वीपमा यस वर्ष सैन्य तनाव ह्वात्तै बढेको छ । दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफ (जेसिएस)ले उत्तर प्योङगान प्रान्तको तोङचाङ-री क्षेत्रबाट प्रहार गरिएका दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र फेला परेको पुष्टि गरेका हुन् ।

उनका अनुसार ती क्षेप्यास्त्रहरू स्थानीय समयअनुसार बिहान ११:१३ देखि अपराह्न १२:०५ बजेसम्म पूर्वी सागरमा प्रहार गरिएको थियो । जेसिएसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो सेनाले संयुक्त राज्य अमेरिकासँग नजिकबाट सहकार्य गर्दै निगरानी र सतर्कतालाई बलियो बनाएको छ ।'

जापानको रक्षा मन्त्रालयका अनुसार उक्त क्षेप्यास्त्र करिब ५०० किलोमिटरको उचाइमा पुगेको थियो । 'यसले जापान, यस क्षेत्र र अन्तर्राष्ट्रिय समुदायको शान्ति र सुरक्षालाई खतरामा पार्छ र यो विल्कुलै अस्वीकार्य कार्य हो,' वरिष्ठ उपरक्षामन्त्री तोशिरो इनोले भने ।

उत्तर कोरियाले 'हाई थ्रस्ट सोलिड फचुल मोटर'को परीक्षण गरेको केही दिनपछि आइतबारको प्रक्षेपण भएको हो । उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले यसलाई 'अर्को नयाँ प्रकारको रणनीतिक हतियार प्रणालीको विकासका लागि' महत्त्वपूर्ण परीक्षणका रूपमा व्याख्या गरेका छन् । आफ्नो हतियार कार्यक्रमलाई लिएर अन्तर ाष्ट्रिय प्रतिबन्धका बावजुद प्योङयाङले अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र (आइसिबिएम)को शस्त्रागार निर्माण गरेको छ ।

यद्यपि, उत्तर कोरियाली नेता किम जोङ उनले थप उन्नत क्षेप्यास्त्रका लागि ठोस इन्धन इञ्जिन विकास गर्न रणनीतिक प्राथमिकता दिएका छन् । नेता किमले यसै वर्ष उत्तर कोरियासँग विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति होस् भन्ने चाहका साथ आफ्नो देशलाई 'अपरिवर्तनीय' आणविक राष्ट्र घोषणा गरेका थिए ।

उनले गत वर्ष सार्वजनिक गरेको इच्छासूचीमा जमिन वा पनडुब्बीबाट प्रक्षेपण गर्न सकिने ठोस इन्धनको आइसिबिएम पनि समावेश थियो । पछिल्लो ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण उक्त लक्ष्यतर्फको एक कदम थियो, तर यस्तो क्षेप्यास्त्रको विकासमा उत्तर कोरिया कति टाढा पुगेको छ भन्ने स्पष्ट नभएको विश्लेषकहरूले बताएका छन् ।

यस महिनाको अन्त्यमा हुने पार्टीको बैठकमा अर्को वर्षका लागि पृथक देशको नीतिगत दिशा तय गरिने बताइएको छ । उत्तर कोरियाको सरकारी समाचार संस्थाले यसअघि किमले सन् २०२३ लाई 'ऐतिहासिक वर्ष' हुने बताएका थिए । विगतका वर्षहरूमा नेता किमले हरेक जनवरी १ मा सम्बोधन गर्ने गरेपनि तर हालै उनले वर्षको अन्त्यमा हुने पार्टीको पूर्ण बैठकका निर्णय सार्वजनिक गर्ने परम्परालाई त्याग्ने बताइएको छ । गत नयाँ वर्षको दिन जारी गरिएको आफ्नो पछिल्लो सम्बोधनमा किमले घरेलु मामिलाबारे बोलेका थिए ।

गत वर्ष किमले अमेरिकालाई प्रत्यक्ष सम्बोधन नगरे पनि यसपटक भने उनले आफ्नो स्वर परिवर्तन गर्न सक्ने विज्ञहरूले बताएका छन् । संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले उत्तर कोरियाले आफ्नो सातौं आणविक परीक्षणको तयारी गरिरहेको महिनौंदेखि चेतावनी दिँदै आएका छन् । उत्तर कोरियाले सन् २००६ देखि आणविक तथा क्षेप्यास्त्र गतिविधिलाई लिएर संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा विभिन्न प्रतिबन्ध लगाउँदै आएको छ । *रासस/एएफपी*

# 'संरक्षणवादले विश्वव्यापी औद्योगिक र आपूर्ति शृंखलालाई हानि पुऱ्याउँछ'

**बेइजिङ-** संयुक्त राज्य अमेरिकाको एकतर्फीवाद र व्यापारमा संरक्षणवाद बहुपक्षीय व्यापार प्रणालीबाट विचलित भएको, आर्थिक कानुन र बजार नियमहरूको उल्लंघन गरेको र विश्वव्यापी औद्योगिक र आपूर्ति शृंखलाको स्थिरतामा असर पारेको चिनियाँ वाणिज्य मन्त्रालयले शनिबार बताएको छ ।

विश्व व्यापार संगठन (डब्ल्युटिओ) को गत साता सम्पन्न संयुक्त राज्य अमेरिकाको १५औं व्यापार नीति समीक्षाको बारेमा सञ्चारमाध्यमको जिज्ञासाको जवाफमा चीनको यस्तो भनाइ आएको हो । समीक्षाका क्रममा चीनले ठूलो मात्रामा भेदभावपूर्ण अनुदानहरू लागू गर्ने, धारा ३०१ अन्तर्गत एकतर्फीरूपमा विशाल र उच्च टचारिफहरू लागू गर्ने र निर्यात नियन्त्रणका उपायहरूको दुरूपयोग गर्नेजस्ता अमेरिकी अभ्यासहरूमा चिन्ता व्यक्त गरेको थियो ।

विश्व व्यापार संगठनको नियमका आधारमा अमेरिकालाई ३१२ वटा लिखित प्रश्न पनि सोधिएको मन्त्रालयले जनाएको छ । युरोपेली संघ, जापान र क्यानडालगायत विश्व व्यापार संगठनका अन्य सदस्य राष्ट्रहरूले पनि बहुपक्षीय व्यापार प्रणालीमा सान्दर्भिक अमेरिकी व्यापार नीतिको प्रणालीगत प्रभावबारे समीक्षामा चिन्ता व्यक्त गरेका थिए ।

विश्व व्यापार संगठनको तीन वटा कार्यमध्ये एकको रूपमा, व्यापार नीति पुनरवलोकन डब्ल्यटिओका सदस्यहरूका लागि उनीहरूको अधिकार प्रयोग गर्न र उनीहरूको आर्थिक र व्यापारिक चासोहरू व्यक्त गर्न डब्ल्युटिओ महत्त्वपूर्ण मञ्च हो । *रासस/सिन्ह्वा*

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति २०७९।०९।०४**

यस त्रिबेणी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको **साल जातको बिभिन्न ग्रेडको गोलिया थान ५७ को ५९७.८९ घ.फि. र खयर जातको गोलिया थान १११ को १७२.४२ घ.फि. गोलिया काठ** जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री त्रिबेणी सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-५ रामनगर बर्दिया**


## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. Public Relation Offficer- (3 )M/F**

नोट: +2 pass, सम्बन्धित क्षेत्रमा अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलब: आपसी समझदारीमा**

**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com


## बिमालेख हरायो

मिति २०७९/०५/२० गते, रामेछापदेखि काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : श्री जोएल सुनुवार
बिमालेख नं : १५२००३७६४
(नेपाल लाइफ इन्स्योरेन्स, शाखा कार्यालय मन्थली)
ठेगाना : गोकुलगंगा गा.पा.-३, रस्नालु, रामेछाप
सम्पर्क नं : ९८०३९१०१८६/९८५४०४३५१६


## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CENTRAL FORWARDING AGENCY SDN.BHD.**
पुर्व स्वीकृति मिति २०७९/०५/१४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/03 LT. No. :270586 चलानी नं. ६०१८६४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Worker | 3 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क:नि:शुल्क

कम्पनी : **AL SEEDAWI SWEETS FACTORIES CO.**
पुर्व स्वीकृति मिति २०७९/०९/०१ LT. No. :277892 चलानी नं. ६०१९३४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKER LABOUR (INDOOR) | 100 | 0 | 85 | ३६,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



## साउदी/मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL-MOROUJ AGRICULTURE COMAPANY**
पुर्व स्वीकृति मिति २०७९/०७/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/03 LT. No. 273989 चलानी नं. ६०१८९६७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 3 | 0 | 1000 | ३५,३७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,३७० | | | | | | | |

कम्पनी : **SONG LEI PLANTATION SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०६/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/03 LT. No. 272060 चलानी नं. ६०१८७९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vegetable Farm Worker | 8 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **FARM PRICE SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०७/०४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/03 LT. No. 274127 चलानी नं. ६०१८९८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 35 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **VERGER DELPORTE QATAR LLC**
पुर्व स्वीकृति मिति २०७९/०८/२८ LT. No.277789 चलानी नं. : ६०१९३३४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 5 | 0 | 1200 | ४३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **THE ARCH HOTEL W L L**
पुर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/03 LT. No. 265582 चलानी नं ६०१८१६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Room Attendant | 7 | 7 | 140 | ४९,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Staff/Stewarding | 8 | 5 | 150 | ५२,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NATURE MAGIC PET SHOP**
पुर्व स्वीकृति मिति: २०७९/०३/२३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/03 LT. No.266707 चलानी नं. ६०१८२७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Worker | 1 | 0 | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL TAAZ INTERNATIONAL PVT.LTD.**
Shreetole - Basundhara Kathmandu, Tel: +977 -1- 5905101 / 5905102,
Mob No. 9801147207, 9801147204, 9801147203, 9803215045, 9823236262, 9851140620, 9819247297, 9823402131
E-mail: altaaznepal@gmail.com, Website www.altaazintl.com.np
श्रम ईजाजत नं. १२५१/०७४/०७५



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EVER SHINE MAINTENANCE WORKS SDN BHD**
पुर्व स्वीकृति मिति २०७९/०२/३० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/03 LT. No. 264836 चलानी नं. ६०१८०८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०७९ पौष ११ गते (26th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com
Govt. License 937/067/068



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PROFORCE SQUAD (M)SDN.BHD.**
पुर्व स्वीकृति मिति २०७९/०९/०३ LT. No. 277831 चलानी नं. ६०१९३४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 38 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०७९ पौष ११ देखि १५ गते (26 to 30th Dec. 2022) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSES P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १००५०० | प्रति तोला – १००००० | प्रति तोला – १३८० |



**टनेलमा बिरुवा** | धादिङको बुङचुङ क्षेत्रका किसान ग्रिन हाउसमा बेमौसमी तरकारी फलाउन टनेलमा बिरुवा उमार्दै ।

*तस्बिर: सीताराम अधिकारी/रासस*

## सुनवल सबस्टेसन सञ्चालन

■ प्रभाव संवाददाता

**नवलपरासी–** नवलपरासी (बर्दघाट सुस्तापश्चिम)को सुनवल नगरपालिका-७ मा निर्माण गरिएको एक सय ३२ केभी क्षमताको सुनवल सबस्टेसन सञ्चालनमा आएको छ ।

परासी क्षेत्रमा सञ्चालित तथा आगामी दिनमा खुल्ने उद्योग र स्थानीय बासिन्दालाई विद्युत् आपूर्ति गर्न यो सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको हो । सुनवल सबस्टेसन सञ्चालनमा आएसँगै त्यस क्षेत्रमा सञ्चालित स्टील, सिमेन्टलगायतका उद्योग तथा स्थानीय उपभोक्ताले पर्याप्त, भरपर्दो र गुणस्तरीय विद्युत आपूर्ति पाउने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले परासी क्षेत्रका सिमेन्ट, स्टीललगायतका ठूला उद्योग र स्थानीय उपभोक्तालाई विद्युत् आपूर्तिका लागि सुनवल सबस्टेसन मेरुदण्ड भएको बताए ।

'अहिले बुटवल सबस्टेसनबाट लामो र कम क्षमताको ३३ केभी लाइनमार्फत् आपूर्ति दिँदा सुनवल तथा परासी क्षेत्रका उपभोक्ताबाट पर्याप्त विद्युत नपाएको, भोल्टेजको समस्या भएको, पटकपटक ट्रिपिङ हुनजस्ता गुनासाहरू आउने गरेका थिए । बुटवल सबस्टेसन पनि माग धान्न नसक्ने अवस्थामा पुगी ओभरलोडेड थियो', कार्यकारी निर्देशक घिसिङले भने । सुनवल सबस्टेसन सञ्चालनमा आएसँगै बुटवल सबस्टेसनको चाप घटेको पनि प्राधिकरणले जनाएको छ । त्यस्तै, सुनवल र परासी क्षेत्रको विद्युत् आपूर्ति भरपर्दो भएको तथा प्राविधिक चुहावटसमेत घट्ने अपेक्षा प्राधिकरणको छ ।



सबस्टेसनमा १३२/३३ र १३२/११ केभी क्षमताका पावर ट्रान्सफर्मर छन् । सबस्टेसनबाट स्थानीयरूपमा विद्युत् आपूर्तिका लागि निकालिने ३३ केभीका सात वटा फिडरमध्ये हाल तीन वटा सञ्चालनमा ल्याइएको छ । ३३ केभीका तीन वटा फिडरहरूमध्ये एउटाबाट सर्वोत्तम सिमन्ट तथा परासी बजार क्षेत्र, अर्कोबाट पाल्पा सिमेन्ट तथा रूपन्देहीको शीतलनगर सबस्टेसन र लक्ष्मी स्टीलमा विद्युत आपूर्ति दिइएको प्राधिकरणको लुम्बिनी प्रादेशिक कार्यालय, बुटवलका निर्देशक नवराज ओझाले बताए ।

अहिले सुनवल सबस्टेसनबाट त्यस क्षेत्रमा करिब २० मेगावाट विद्युत् आपूर्ति भइरहेको छ । परासीतर्फ जाने बाँकी ३३ केभीका चार वटा र सबस्टेसनको वरिपरि विद्युत् आपूर्तिका लागि ११ केभीका चार वटा फिडर निर्माणाधीन छन् ।

औद्योगिक करिडोरमा विद्युत् आपूर्तिको व्यवस्थापनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत् प्राप्त भएको बजेट करिब रु ६९ करोडमा सुनवल सबस्टेसन निर्माण गरिएको हो । सबस्टेसन निर्माणका लागि इनर्जी प्याक तथा सिग्माकोनको उपक्रमसँग गरिएको ठेक्का सम्झौता २४ कात्तिक २०७६ मा कार्यान्वयनमा आएको थियो ।

प्राधिकरणले परासी र रूपन्देहीको भैरहवा औद्योगिक करिडोरमा विद्युत्को बढ्दो मागलाई सम्बोधन गर्न र प्रसारण क्षमता वृद्धि गर्न सुनवल (भूमही)-हकुई एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण अगाडि बढाएको छ । त्यस्ते भैरहवा क्षेत्रका लागि योगीकुटी (बुटवल) बाट मैनहियासम्मको एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइन र सबस्टेसनको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको छ ।

## चितवनमा चार्जिङ स्टेसन

■ प्रभाव संवाददाता

**चितवन–** चितवनमा विद्युतीय सवारी चार्जिङ स्टेसन सञ्चालनमा आएको छ । भरतपुरको केन्द्रीय बस टर्मिनलमा निर्माण गरिएको दुई चार्जिङ स्टेसन सञ्चालनमा ल्याइएको हो । जिल्लाका तीन ठाउँमा चार्जिङ स्टेसन निर्माण गरिएको छ ।

मुग्लिन बजारमा निर्माण भइरहेको चार्जिङ स्टेसनको काम अन्तिम चरणमा पुगेको छ । बसपार्कमा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका चार्जिङ स्टेसन सञ्चालनमा ल्याइएको प्राधिकरणका इञ्जीनियर सागर ज्ञवालीले जानकारी दिए । यी दुइ स्टेसन करिब रु ९० लाखको लागतमा निर्माण गरिएको हो । दुईवटा स्टेसनमा एकपटकमा छ वटासम्म गाडी चार्ज गर्न मिल्छ । आन्तरिकरूपमा खपत बढाउन, पेट्रोलियम पदार्थको खपत कम गरी आयात घटाउन र विद्युतीय सवारीसाधन प्रयोगमार्फत वातावरणमैत्री यातायात प्रणालीको विकासमा चार्जिङ स्टेसन निर्माण गरिएको इञ्जीनियर ज्ञवालीले बताए ।

बसपार्कमा दुईवटा फरक टेक्नोलोजी सिसीएच र जिबिटीका चार्जर स्टेसन निर्माण गरिएको चार्जिङ स्टेसन निर्माणको जिम्मा पाएको दिगोका प्रोजेक्ट म्यानेजर शिव अधिकारीले जानकारी दिए । उनका अनुसार यहाँ साना-ठूला सबै सवारीसाधनको चार्ज गर्न मिल्छ । नेपालमा उपलब्ध रहेका सवारीसाधनको क्षमताअनुसार एकदेखि डेढ घण्टासम्ममा चार्ज पूर्ण हुन्छ ।

चार्जिङ स्टेसनमा एक सय ४२ किलोवाट क्षमताको चार्जर, त्यसमा विद्युत् आपूर्तिका लागि ५० केभीएको ट्रान्सफर्मर, अनलाइन बिलिङ प्रणालीको जडान गरिएको छ । चार्जिङ स्टेसनमा छिटो चार्ज गर्न मिल्ने ६०-६० किलोवाटका डिसी र २२ किलोवाटका एसी चार्जरहरू राखिएको छ । यसबाट ठूला बससहित तीनवटा सवारीसाधनले एकसाथ चार्ज गर्न सक्नेछन् ।

सवारी साधनको चार्ज गरिसकेपछि ग्राहकले क्यूआर कोड र मोबाइल एपमार्फत बिलको भुक्तानी गर्न सक्नेछन् । चार्जिङ स्टेसनमा पेट्रोलपम्पमा जस्तो मान्छे बसेर सेवा दिइरहनु पर्दैन । चार्जिङ स्टेसनमा पुगेर गाडी चार्ज गर्नुअघि सवारीधनीले कार्ड स्वाइप गरेर पैसा तिर्नुपर्छ । कति मिनेटसम्म वा कति रूपैयाँसम्मको चार्ज गर्ने हो त्यसैअनुसार पैसा काटिन्छ र गाडी चार्ज हुन्छ । समय वा पैसा बराबरको चार्जिङ पूरा भएपछि उक्त गाडी थप चार्ज हुँदैन । बिहान ५ देखि साँझ ५ बजेसम्म आठ रूपैयाँ २८ पैसा प्रतियुनिट, बेलुका ५ देखि राति ११ बजेसम्म १० रूपैयाँ ४४ पैसा प्रतियुनिट र राति ११ देखि बिहान ५ बजेसम्म नौ रूपैयाँ छ पैसा चार्ज शुल्क तोकिएको अधिकारीले जानकारी दिए ।

बसपार्कमा सञ्चालनमा आएका चार्जिङ स्टेसनमा दैनिक चारदेखि पाँचवटा सवारीसाधनले चार्जिङ गर्ने गरेको बसपार्क सञ्चालनको जिम्मा लिएको आरजन कन्स्ट्रक्शन एण्ड सप्लायर्सका प्रबन्ध निर्देशक असिम भट्टराईले जानकारी दिए । उनले धेरैलाई चार्जिङ स्टेसनका बारेमा जानकारी नभएको भन्दै क्रमशः सवारीसाधनको चाप बढ्दै जाने बताए ।

प्राधिकरणले देशभर ५१ चार्जिङ स्टेसन निर्माणको लक्ष्य राखेर काम गरिरहेको छ । जसमा १२ वटा सञ्चालनमा आइसकेका छन् भने ३२ वटा जडान सम्पन्न भइसकेका छन् । बाँकी चार्जिङ स्टेसन निर्माणको अन्तिम चरणमा पुगेको प्रधिकरणले जानकारी दिएको छ ।

## बाराहीको आइपिओ बाँडफाँट

**काठमाडौं (प्रस)–** बाराही हाइड्रोपावर पब्लिक लिमिटेडले सर्वसाधारणका लागि निष्काशन गरेको प्रारम्भिक सार्वजनिक निष्कासन (आइपीओ)को बाँडफाँट गरिएको छ । कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालयमा आज सेयरको बाँडफाँट गरिएको हो ।

कम्पनीले प्रति सेयर रु १०० अङ्कित दरका कूल पाँच लाख ५४ हजार कित्ता आइपीओ बिक्री खुला गरेको थियो । बिक्री प्रबन्धककाअनुसार साधारण सेयरमा कूल १२ लाख ५८ हजार चार सय २१ आवेदकले एक करोड ४३ लाख ५१ हजार आठ सय ३० कित्ता सेयरका लागि आवेदन दिएका थिए । कम्पनीले योग्य ११ लाख ९१ हजार दुई सय ८४ मध्ये ५१ हजार पाँच सय २२ आवेदकलाई १० कित्ताका दरले गोलाप्रथामार्फत सेयर बाँडफाँट गरिएको बिक्री प्रबन्धकले जनाएको छ ।

## नेप्सेमा लगातार गिरावट

### २७ अंकले नेप्से घट्दा अर्ब बढीको कारोबार





■ प्रभाव संवाददाता

**काठमाडौं–** साताको पहिलो दिन पुँजी बजारमा उच्च अंकको गिरावट देखिएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दशमलव ५४ अङ्कले घटेर एक हजार आठ सय ५५ दशमलव ०६ अङ्कमा कायम भएको छ । नेप्सेका अनुसार दुई सय ५० वटा कम्पनीको ३७ लाख ७८ हजार कित्ता सेयर २६ हजार छ सय ६१ पटक खरिद बिक्री हुँदा रु एक अर्ब १५ करोड ७१ लाख ५५ हजार बराबरको कारोबार भएको छ ।

आइतबारको कारोबारपछि सबै समूहको उपसूचकमा रातो देखिएको छ । सबैभन्दा धेरै विकास बैंक समूह ६८ दशमलव ८७ र निर्जीवन बिमा समूह ६७ दशमलव ०८ अङ्कले घटेको छ ।

त्यस्तै बैंकिङ समूह १९ दशमलव ५८, वित्त समूह ४३ दशमलव ९३, होटल तथा पर्यटन समूह २५ दशमलव ३५, जलविद्युत् समूह ४० दशमलव ५३ र जीवन बीमा समूह ४० दशमलव ३६ अङ्कले घटेको छ । वित्त समूह ५६ दशमलव २६, व्यापार समूह चार दशमलव ७१, म्युचुअल फण्ड समूह शून्य दशमलव ११ र अन्य समूह ३२ दशमलव ३० अङ्कले घटेको नेप्सेले जनाएको छ ।

सबैभन्दा धेरै इस्टर्न हाइड्रोपावर लिमिटेडको सेयर २६ दशमलव १० अङ्कले बढेको छ । रुरु जलविद्युत् परियोजना लिमिटेड र पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार भएका सेयर संख्या र कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै कृषि विकास बैंक लिमिटेडको रु छ करोड २५ लाख ११ हजार चार सय ३६ बराबरको दुई लाख एक हजार नौ सय ३९ कित्ता सेयर खरिद बिक्री भएको छ ।

## पोखरामा एटिभी राइडिङले तान्दै पर्यटक

**पोखरा–** पर्यटकीय नगरी पोखरा साहसिक पर्यटनको सहर पनि हो । सुन्दर सहरको आनन्द लिनुका साथै पोखरा आउने पर्यटक यहाँका विभिन्न साहसिक पर्यटनका गतिविधि पनि रमाउने गर्दछन् ।

पोखराको सराङ्कोटबाट हावा खाँदै जिपलाइन, प्याराग्लाइडिङसँगै बन्जीजम्प, स्वीङ, अल्ट्रालाइटदेखि माउन्टेन फ्लाइटसम्मका विभिन्न गतिविधिले पोखरामा पर्यटकलाई लोभ्याउने गरेको छ । स्वदेशी एवं विदेशी पर्यटकका साथै उच्चपदस्थ अधिकारी, चर्चित अभिनेता तथा कलाकारको पनि पोखरामा साहसिक पर्यटनका गतिविधिले आकर्षित गर्ने गरेको छ । हालै नेपालको भ्रमणमा रहेका बलिउड अभिनेता विवेक ओबरायले पोखरामा साहसिक पर्यटनका जिपलाइन, स्वीङ आदिमा रमाएका तस्वीर यतिखेर विभिन्न सञ्चार माध्यमले प्रकाशन गरेका छन् ।

पोखराको यही साहसिक पर्यटन प्रतिको आकर्षणलाई दृष्टिगत गरी पर्यटन क्षेत्रका लगानीकर्ता पनि यसतर्फको लगानीमा हौसिएको देखिन्छ ।



पोखरामा जिपलाइन, बञ्जीजम्प, स्वीङ लगायतका पर्यटकीय गतिविधि सञ्चालन गर्दै आएको हाइग्राउन्ड एडभेन्चर प्रालि नेपालले पर्यटकलाई लक्षित गरी हालै एटिभी राइडिङ सञ्चालनमा ल्याएको छ ।

कम्पनीले सुरु गरेको एटिभी राइडिङमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढेको कम्पनीका निर्देशक दिनश महर्जनले बताए । 'पछिल्ला समयमा पोखरामा आउने पर्यटक यहाँ सञ्चालित जिपलाइन, स्वीङ, बञ्जी आदिमा आकर्षित बन्दै गएका छन्,' उनले भने, 'हालै नेपाल भ्रमणका क्रममा पोखरामा बलिउड अभिनेता बिबेक ओभरायले जिपलाइन, स्वीङ लगायतका साहसिक पर्यटनका गतिविधि गर्दा त्यसले पोखराको साहसिक पर्यटनलाई थप चर्चामा ल्याएको छ ।' पोखराको साहसिक पर्यटनको बढ्दो आकर्षणलाई देखेर हाइग्राएनड एडभेन्चर प्रालिले पोखरामा नयाँ गतिविधिका रूपमा एटिभी राइडिङ सञ्चालनमा ल्याएको उनले बताए ।

उनका अनुसार एटिभी राइडिङमा फोर ह्वीलर चक्का कच्ची रोडमा सहजै गुड्ने गरी बनाइएको हुन्छ । कम्पनीका कर्मचारी राजेश लम्साल मोटरसाइकल चलाउनेले यो सजिलै चलाउन सक्ने बताउँछन् । फेवातालको किनारमा चलाउने गरी व्यवस्था गरेको कम्पनीले आउने पर्यटकलाई प्रारम्भमा सेदीस्थित कार्यालयमा प्राविधिकबाट यसका विधि र प्रत्रियाबारे जानकारी गराउने गरिएको उनले जानकारी दिए ।

'नयाँका लागि हामीले कार्यालय परिसरमा नै टेस्टड्राइभ गराउँछौं', निर्देशक महर्जनले भने, 'टेस्ट ड्राइभका लागि टेस्ट ट्रेल निर्माण गरेका छौं ।' अनुभवीका लागि सेदी-भकुण्डे-सेदीको आठ किलोमिटर दूरीको मार्ग निर्धारण गरिएको उनले जानकारी दिए । उक्त सडक भकुण्डेसम्म एक किलोमिटर पक्की छ भने सात किलोमिटर कच्ची रहेको छ । यस मार्ग पार गर्न करिब दुई घण्टा समय लाग्ने र उक्त मार्गमा फेवाताल, जङ्गल, खोलानाला आदिको प्रत्यक्ष अनुभव लिन सकिन्छ ।

कम्पनीमा हाल एटिभी गाडी आठवटा रहेको बताउँदै उनले बढ्दो आकर्षणलाई दृष्टिगत गरी आठवटा थप्न लागिएको बताए । नयाँ गतिविधिका रूपमा एटिभी राइडिङ सञ्चालन गरिएको उल्लेख गर्दै महर्जनले यसले पोखरामा पर्यटकको बसाइँ लम्ब्याउन थप सहयोग पुग्ने विश्वास लिइएको बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ